# परिच्छेद एक
## परिचय

यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरू, अध्ययनको सीमा र सम्बन्धित शब्दावलीको परिभाषाहरू उल्लेख गरिएको छ ।

### १.१ अध्ययनको पृष्ठभूमि

अध्ययनको पृष्ठभूमि अन्तगर्त अध्ययनको सन्दर्भ र अध्ययन क्षेत्रको पृष्ठभूमिलाई समावेश गरिएको छ ।

### १.१.१ अध्ययनको सन्दर्भ

लोकतान्त्रिक समाजमा आफ्नो अधिकारका साथसाथै कर्तव्य र दायित्वप्रति सचेत भई नागरिकको भूमिका निर्वाह गर्न सहयोग गर्ने शिक्षा नै नागरिक शिक्षा हो । जसले समाजमा लोकतान्त्रिक मूल्यमान्यता अनुसारको व्यवहार गर्न सक्षम गराउदछ । तसर्थ दिनदिनै नागरिक शिक्षाको महत्त्व बढ्दै गइरहेकोछ । यस्ता सम्पूर्ण कुराहरूलाई अध्ययनको सन्दर्भ अन्तगर्त नागरिक शिक्षाको परिचय, परिभाषा, नेपालमा नागरिक शिक्षको विकास क्रम, विद्यालयमा नागरिक शिक्षाको महत्त्व जस्ता विभिन्न विषयहरूमा समावेश गरिएको छ ।

#### १.१.१.१ नागरिक शिक्षाको परिचय

व्यक्तिले सफल जीवन विताउन सहयोग गर्ने प्रमूख आधार स्तम्भ नै शिक्षा हो । शिक्षाले मानिसको सम्पूर्ण विकास गर्न सहयोग गर्दछ । शिक्षाविद डम्भिलको अनुसार शिक्षा कोको बाट शुरु भएर चिहानमा मात्र समाप्त हुन्छ । मानिस सामाजिक प्राणी हो तसर्थ प्रत्येक बालबालिकालाई वर्तमान समय सापेक्ष बनाउन, सामाजिक मूल्य मान्यता अनुरूप संस्कृति र परम्पराको बोध गराउने, शिक्षाको उद्देश्य रहेको हुन्छ । शिक्षाले प्रत्येक बालकको व्यक्तिगत आवश्यकता पूरा गरेर मात्र जिम्मेवारी पुरा हुँदैन । शिक्षाले बालकको सर्वाङ्गीण विकास गराउनु पर्दछ (तिमिल्सिना २०६६:९३) । यसरी शिक्षाको माध्यमबाट बालबालिकाको अन्तर्निहित प्रतिभाको विकास भई योग्य, दक्ष, सक्षम तथा आवश्यकता अनुकुलको नागरीक तयार गराउनु पर्दछ । शिक्षाले असल संस्कार, संस्कृति, बानी, व्यवहार, शिष्टता, आपसी मेलमिलाप र सदभावको विकास गर्नुपर्दछ । मानव अधिकारको संरक्षण गर्न सक्नुपर्दछ । लोकतान्त्रिक मूल्यमान्यता अनुरूप व्यक्तिको आन्तरिक भावनाको प्रस्फुटन गराई देशलाई आवश्यक हुने मानवीय स्रोत, साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवन यापन गर्न सक्ने दक्ष सुशील र कर्तव्यनिष्ठ नागरिक तयार पार्न सक्नुपर्दछ । यसै अनुरूप मानवीय साधनको उत्पादन गर्न

नागरिक शिक्षको व्यवस्था गरिएको स्पष्ट हुन्छ। राजनीतिक, आर्थिक, सामाजिक र कानूनी अधिकार र हक प्राप्त व्यक्तिलाई नागरिक भन्ने गरिन्छ। आफू रहेको राजनीतिक समुदायको सदस्यका रूपमा नागरिकका हक र अधिकारका साथै कर्तव्य र दायित्व समेत हुन्छन्।

“लोकतान्त्रिक समाजको सदस्यकारूपमा त्यस समाजमा आफ्नो अधिकारका साथसाथै कर्तव्य र दायित्वप्रति सचेत भई नागरिकको भूमिका निर्वाह गर्न सहयोग गर्ने शिक्षा नै नागरिक शिक्षा हो” (भट्टराई, पौडेल र साथीहरू, २०६७:२५)। तसर्थ व्यक्तिलाई असल नागरिकका रूपमा स्थापित गर्न प्रदान गरिने शिक्षालाई नागरिक शिक्षा भनिन्छ। असल नागरिक देशभक्त, नैतिकवान, सहयोगी र कर्तव्यनिष्ठ हुन्छन्। नागरिक शिक्षाले व्यक्ति, परिवार, समुदाय र राष्ट्रप्रति निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा सजग र संवेदनशील बनाउँछ। नागरिक शिक्षाले व्यक्तिलाई  स्वतन्त्रता प्रदान गर्दछ।

देशका सम्पूर्ण नागरिकहरूमा नागरिक सीप र नागरिक गुणको विकास गर्ने कार्य नै नागरिक शिक्षा हो र  नागिरिक शिक्षाले जन्तालाई व्यक्तिगत अधिकार र स्वतन्त्रताको लागि राजनीतिक क्रियाकलापप्रति सचेत बनाउनु पर्दछ (गौतम, २०६६:५३)। नागरिक शिक्षाले जीवनको यथार्थतालाई अवगत गराउनको साथै मानवीय मूल्य मान्यता एवं धारणाहरूको बारेमा ज्ञान दिने गर्दछ। यसको लागि प्रत्येक बालबालिकाहरूलाई विद्यालयको प्रारािम्भक तह देखि नै नागरिक शिक्षा उपलब्ध गराउनु पर्दछ। नागरिक शिक्षाले कानूनी नियमको आधारमा व्यक्तिगत मूल्यमान्यता र अवलोकित दक्षतालाई स्वीकार गर्नु पर्दछ। व्यक्तिगत उत्तरदायित्व पूरा गर्न साधारण उपयोगी सहभागितालाई स्वीकार गर्नु पर्दछ (फुंयाल, २००९:१)। शिक्षा विभागद्वारा प्रकासित फ्लास रिपोर्ट २००९/१० अनुसार ६.७ प्रतिशत बालबालिकाहरू अझ पनि विद्यालय बाहिर रहेकाछन्। ती बालबालिकाहरू र प्रौढहरूको लागि पनि विभिन्न संघसंस्थाहरूको सहकार्यमा अनौपचारिक शिक्षा मार्फत नागरिक शिक्षा प्रदान गरिएको अवस्था छ। तसर्थ नागरिक शिक्षालाई औपचारिक शिक्षाभित्र मात्र सीमित नगरी प्रत्येक व्यक्ति, घर परिवार, समाज गर्दै राष्ट्र र अन्तराष्ट्रिस्तरमा व्यापक बनाउने प्रयास जारीरहेको छ।

विद्यालय तहमा नागरिक शिक्षा सुनिश्चित गर्नको लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक संघ, स्रोत व्यक्ति, विद्यालय निरीक्षक र समुदायलाई सशक्त रूपमा परिचालन गरिएको छ। यसरी हाम्रा स्थानीय संस्थाहरूले नागरिक र सही नागरिकत्ताको धारणा विकास गर्न सक्नुपर्दछ। समाजको शिक्षण संस्थाहरूले औपचारिक शिक्षाको माध्यमबाट र समाजमा विद्यमान शिक्षाबाट विमुख रहेकाहरूका लागि अनौपचारिक शिक्षाको माध्यमबाट नागरिक शिक्षा प्रदान गर्न सक्नुपर्दछ अनि मात्र प्रत्येक व्यक्तिमा चेतना बढन गई स्थानीय स्रोत साधनको परिचालन हुन सक्दछ।

नागरिक शिक्षालाई अझ स्पष्ट पार्नको लागि विभिन्न विद्वानहरूले विभिन्न परिभाषाहरू दिइएका छन् । गुप्ता श्रेष्ठ र घिमिरेका अनुसार "नगरपालिकाहरूको विशिष्ट जीवनको अध्ययन गर्ने विषय नै नागरिक शिक्षा हो" । नागरिक शिक्षाले नागरिक जीवन र समस्याहरूको अध्ययन गर्दछ । नागरिक शिक्षा नागरिकताको दर्शन र विज्ञान हो । नागरिक शिक्षा त्यो विज्ञान हो जसले यथासम्भव सर्वोतम सामाजिक जीवनका अवस्थाहरूको अध्ययन गर्दछ । त्यस्तै भट्टराई, पौडेल र साथीहरूका अनुसार "असल नागरिकका लागि नागरिकको भूमिका निभाउन सहयोग गर्ने शिक्षा नागरिक शिक्षा हो" । नागरिक शिक्षा स्वशासनको शिक्षा हो । यसले नागरिकलाई स्वयम व्यवस्थापन, स्वयम निर्णय र स्वयम् नियन्त्रणको क्षमताको विकास गर्दछ । नागरिक शिक्षा सार्वजनिक व्यवहारका लागि चाहिने ज्ञान, सीप, प्रवृति र मूल्यमान्यताको विकास गर्ने शिक्षा हो । लोकतान्त्रिक प्रक्रियामा भाग लिन र आफ्नो अधिकार र दायित्वप्रति सचेत भई सो अनुसारको व्यवहार, गर्न सक्षम बनाउने शिक्षा नै नागरिक शिक्षा हो । त्यस्तै प्लेटोका अनुसार असमानता र अन्याय प्रति सचेत हुनु नै नागरिक शिक्षा हो र अरस्तुका अनुसार स्वतन्त्रता र समानता नै नागरिक शिक्षा हो ।

यसरी बिभिन्न विद्वानहरूले उल्लेख गरेका नागरकि शिक्षाको परिभाषाहरूको आधारमा नागरिक जीवनको सार्थकता, नागरिकमा निहित विवेक, पारस्पारिक प्रेम, सहिष्णुता, आपसी सहयोग, सामाजिक भावना, असल छिमेकीपन, असल आदत, मताधिकारको सदुपयोग, कर्तव्यको उचितक्रम निर्धारण जस्ता ज्ञान दिने विषयलाई नागरिक शिक्षा भनिन्छ । जसले स्वतन्त्रता र समानताका साथ असमानता र अन्याय प्रति सचेत गर्दछ ।

### **१.१.१.२ नेपालमा नागरिक शिक्षाको विकासक्रम**

नागरिक शब्दको विकासक्रम अध्ययन गर्दा ग्रीसकालिन समाजबाट उत्पति भएको पाइन्छ । "प्राचिन ग्रीसमा स-साना नगर राज्यहरू थिए । त्यसवेला नगरमा बस्नेलाई नागरिक भनिन्थ्यो । त्यसबेला नागरिक शिक्षाको अध्ययन नगरका बासिन्दाको जीवन सम्म मात्र सीमित थियो" (माध्यामिक शिक्षा पाठ्यक्रम, २०६५: १) । हाल शिक्षाको बढ्दो विकासक्रमसँगै नागरिक शिक्षालाई पनि विश्वव्यापीकरण गर्दै लगिएको अवस्था छ । यसैक्रममा गौतम, २०६६बाट साभार गर्दा नेपालले पनि नागरिक शिक्षाको महत्त्व बुझी २०५६ सालमा विभिन्न छलफलका साथ नागरिक शिक्षा कार्यक्रमलाई अघि सार्ने योजनाले २०५७ साल भाद्र १८ गते 'नागरिक शिक्षा प्रवर्द्धन समाज' स्थापना भएको पाइन्छ । जसको सक्रियतामा 'नागरिक शिक्षा' विषयलाई विद्यालयको औपचारिक पाठ्यक्रममा समावेस गर्न सक्षम भएको छ ।

बालबालिकाहरूले नागरिक शिक्षाको सिद्धान्त दिनानुदिन घरबाटै अनुभव गरिरहेका हुन्छन् । अभिभावकहरूले घर र समाजमै नागरिक शिक्षा सिकाउँछन । यसरी बालबालिकाहरूले स्थानीय निकायबाट नागरिक शिक्षा पाएतापनि पर्याप्त हुँदैन । यो अवस्थामा नागरिक शिक्षा प्रदान

गर्नको लागि औपचारिक संघसंस्थाको आवशयकता पर्दछ । जहाँ जीवनमा आवश्यक नियमहरू सिक्ने अवसर प्राप्त गर्दछन् । विद्यालयले नागरिक शिक्षाको लिखित र अलिखित पाठ्यक्रम तयार पारेको हुन्छ (कोइराला र आचार्य, २००२) । ती पाठ्यक्रम अन्तरगतका विषयवस्तु मार्फत नागरकि शिक्षा प्रदान गर्न सकिन्छ । नागरिक शिक्षाले हरेक नागरिकलाई देशको संविधान र ऐन कानूनले निर्धारण गरेको वैयक्तिक अधिकारप्रति सचेत गराउँछ ।

हरेक व्यक्तिलाई कर्तव्य र दायित्वप्रति सचेत भई सो अनुसारको व्यवहार गर्ने, परिवार, समूह, समुदाय, समाज वा राज्यको नियम तथा कानुनको पालना गर्ने, अरुको विचार र भावनाको कदार गर्ने, सार्वजनिक कार्यहरू, आर्थिक र सामाजिक गतिविधिमा सक्रिय र चनाखो रहने, इमानदार, विश्वासिलो र सहिष्णु बन्ने, कर तिर्ने, मतदान गर्ने विश्व समुदायमा घटेका घटनाहरूपति सचेत रहने, सामाजिक र सांस्कृतिक विविधाताप्रति सकारात्मक रहने र नराम्रा समाजिक परमपरा र कुरीतिहरूलाई हटाउँदै जाने जस्ता व्यवहारहरू  पर्दछन् (भट्टराई, पौडेल र साथीहरू,२०६७: २७) । नागरिक शिक्षाले हरेक नागरिकमा आफ्नो परिवार, समुदाय, समाज, राष्ट्र र विश्व समाजमा अफ्नै जिम्मेवारी बोध गराउछ । आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराई व्यक्ति, नागरिक समूह र राष्ट्रबीचको सम्बन्धको दायरा फराकिलो पार्ने, प्रत्येक व्यक्तिमा लोकतान्त्रिक संस्कृति र जीवन शैलीको विकास गराउने, विभिन्न संस्कृति र परम्पराप्रतिको सहनशीलता, अहिंसा, सहअस्तित्व, आपसी सम्मान र सुझबुझको विकास गर्ने तोकतन्त्र, मानव अधिकार, शान्ति, सहयोग र विकास प्रति सकारात्मक प्रवृतिको विकास र्गे जस्ता  पक्षहरूमा नागरिक शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ (अनौपचारिक शिक्षामा शान्ति, मानव अधिकार र नागरिक शिक्षा,२०६७) ।

हरेक राज्यले आफ्नो नागरिकहरूलाई दिने राजनीतिक र कानुनी अधिकारको व्यवस्था गरेको हुन्छ । कुनै पनि देशको नागरिकता सामाजिक, आर्थिक र राजनीतिक अधिकारका साथै कर्तव्यहरू पनि हुन्छन् । हरेक व्यक्ति सक्षम नागरिक हुनको लागि उसले सबैको हित हुने कुरामा आफ्ना विचारहरू राख्ने क्षमताको विकास गर्नुपर्दछ । हरेक नागरिक आफ्नै अधिकार र पालना गर्नुपर्ने कर्तव्यप्रति सचेत रहनुपर्दछ । नागरिक शिक्षाले यिनै पक्षाहरूमा मानिसहरूलाई सजग र सचेत बनाउँदछ । यसले व्यक्तिको जीवनलाई गुणस्तरयुत्त बनाउनुकासाथै सामुहिक जीवनमा गर्नुपर्ने व्यवहारिक ज्ञान, सीप र प्रवृत्तिको विकास गर्दछ । नागरिक शिक्षा स्वशासनको शिक्षा हो । नागरिक शिक्षाले आम मानिसको सक्षमतामा वृद्धि गर्दछ । मानिसमा लोकतन्त्र, कानूनीशासन, सहभागिता, मताधिकार संघीयता, समावेशीकरण जस्ता अवधारणाहरूको विकास गरी व्यवहारमा ल्याउन सक्ने बनाउन महत्त्वपूर्ण मूमिका खेल्दछ । यी महत्त्वहरूका साथ "छरछिमेक समाज र देशविदेशमा समेत भइरहेको विभिन्न गतिविधिहरू प्रति जानकारी राखी सामाजिक तथा राजनीतिक परिवर्तनप्रति सचेत रहने, लोकत्रान्त्रिक पद्धतिलाई स्वीकार गर्ने र समाजमा एउटा असल नागरिकको भूमिका निर्वाह गर्न सकोस"(विशिष्टीकरण तालिका कक्षा

१०, २०६३: ३७) भन्ने मूख्य उद्देश्य राखी माध्यामिक तहको पाठ्यक्रममा 'नागरिक शिक्षा' लाई ऐच्छिक विषयको रूपमा समावेश गरिएकोले यस विषयको मूल्यमान्यता, विषयवस्तु, नीति र विषय वस्तुबीच भइरहेको क्रियाकलापहरू अध्ययन गर्ने उद्देश्यले 'नागरिक शिक्षाको लागि विद्यालय तहमा गरिएको प्रयासहरू" शीर्षक चयन गरी अनुसन्धान कार्यलाई अगाडि बढाउने प्रयास गरिएको थियो ।

### १.१.२ अध्ययन क्षेत्रको पृष्ठभूमि

अध्ययन क्षेत्रको बारेमा दिइने परिचयलाई अध्ययन क्षेत्रको पृष्ठभूमि भनिन्छ । यसले अध्ययनकर्ता कुन ठाउँमा गएर आफ्नो अध्ययन पूरा गरेको रहेछ भन्ने कुराको जानकारी उपलब्ध गराउँछ । यस अध्ययनको अध्ययन क्षेत्र पूर्वाञ्चल विकास क्षेत्र, कोशी अञ्चल, धनकुटा जिल्ला अन्तर्गत पर्ने फाक्सिब गा.वि.स को सीतादेवी माध्यामिक विद्यालय र मारेककट्टहरे गा.वि.स को धर्मोदय उच्च माध्यमिक विद्यालय राखिएको थियो । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृतिक र बहुजातीय देश भएकोले यहाँ आफ्नै किसिमको धर्म, सस्कार,संस्कृति, मूल्यमान्यता भाषाभाषी, आपसी सद्भाव, सत्कार, मेलमिलाप र जीवनशैली रहेको हुन्छ । मेरो अध्ययन क्षेत्र पनि यो भन्दा फरक रहन सकेन । यहाँ जातीय रूपमा हेर्दा बढी भन्दा बढी लिम्बू, मगर, ताम्ली, लुम्बा जस्ता मतवाली जातीहरूको बसोबास रहेको पाइयो । क्षेत्री, बाहुन जातका विद्यार्थीहरू एक्दमै कम भएकोले अफ्नो अध्ययनलाई आबश्याक नमूना छनौट गर्दा जातीय समाबेसी बनाउन धौ-धौ परेको थियो । यहाँ आफ्नो छुट्टै भाषा सस्कार,संस्कृति, मूल्यमान्यता रहेको पाइयो । यहाँका विद्यार्थीहरू विहान आफ्नो आमाबाबुलाई बारीमा काम गर्न सघाएर दिउसो स्कूल पढ्न आएको र बेलुकी पनि स्कूलबाट घर फर्केपछि आमाबाबुलाई बारी र घरमा काम गर्न सघाउने गरेको पाइयो । यो पनि नागरिक शिक्षाले दिएको सकारात्मक चेतना हो ।

## १.२ समस्याको कथन

प्राचिन कालदेखि नै मूल्यमान्यतामा आधारित शिक्षा पद्धति प्रचलित थियो । समयको विकासक्रम संगै मूल्यमान्यतामा आधारित शिक्षा नैतिक र नागरकि शिक्षामा परिमार्जन हुंदै आइरहेको छ । मूल्यमान्यतामा आधारित नैतिक शिक्षाको मुख्य उद्धेश्य नागरिकको चरित्र निर्माण गर्दै सुकर्मको माध्यमबाट सच्चा ज्ञानको प्राप्तीमा निरन्तर लाग्दै व्यवहारापयोगी जीवन यापन गर्न सक्षम तुल्याउनु थियो । त्यसैले पठन पाठन शुरु गर्नु पूर्व नै बालबालिकालाई सत्य बोल, मीठो बोल, आचरणमा बस, नियमको पालना गर, मितव्यायी बन, धर्म गर, पढाइमा ध्यान देउ, क्रोध, लोभ र मोह त्याग भनेर सिकाइन्थ्यो । विद्यार्थीहरूले त्यसलाई व्यवहारमा उतार्थे । जीवनभर त्यसलाई आत्मसात गर्थे । यस्ता कार्यको अनुगमन र मूल्याङ्कन आमाबाबु र गुरुहरूले गर्दथे । आमाबाबु र गुरुहरूले पनि आफुलाई सकेसम्म आदर्श नमूना बनाइ प्रस्तुत गर्थे किनभने अभिभावक तथा

गुरुको आचरणले बालबालिकाहरूमा गहिरो प्रभाव पार्दछ भन्ने मान्यता थियो (घिमिरे, २०६७: १३३) । तर हिजोआज त्यस्तो भएको विरलै पाइन्छ, जुन अत्यन्त दु:खदायी मान्नुपर्छ । समाजमा रहेको धर्म, सस्कृति, मूल्यमान्यताहरूको संरक्षण र सम्बर्द्धनको लागि नैतिक शिक्षाको विकास गरियो । तर आज लोकतान्त्रिक प्रजातन्त्रको लक्ष्य अनुरूप नैतिक शिक्षाले सामाजिक, सांस्कृतिक मूल्यमान्यताको संरक्षण र राष्ट्रका नागरिकलाई नागरिक भएर बाच्न पाउने अधिकार सुनिश्चित गर्न सकेन । फलस्वरूप नागरिक शिक्षाको विकास गरियो । तर नागरिक शिक्षाले पनि मानवले मानव भएर बँच्ने असल नगरिक तयार गर्न सकेको स्थिति छैन । नागरिक शिक्षाले सबैको आवश्यकता पूरा गर्न सकेको छैन । निजी र सरकारी विद्यालयमा लागु गरिएको पाठ्यक्रमले पनि असर पारेको अवस्था छ ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृतिक र बहुजातीय देश भएकोले यहाँ प्राचिनकालदेखि आफ्नै किसिमको विशिष्ट धर्म, संस्कृति, मूल्यमान्यताहरू छन । नागरिक शिक्षाले यस्ता मूल्यमान्यता, धर्म, संस्कृतिहरूको संरक्षण र संबर्द्धन गर्न सक्नुपर्छ भन्ने मान्यता राखिएको छ । यहाँ सामुहिक जीवन पद्धति, आपसी सद्भाव, सहणुता, सरल, मैत्रीपूर्ण र आफ्नै सस्कार तथा संस्कृतिमा रमाउने जीवनशैली परोपकार, अतिथि सत्कार, मेलमिलाप र सदभाव जस्ता सामाजिक विशेषताहरू यो देशको मौलिक मूलयमान्यताका रूपमा स्थापित एवं प्रचलित छन् (गौतम २००३) । यसर्थ यी सम्पूर्ण पक्षहरूको संरक्षण, संवर्द्धन एवं प्रवर्धन गर्नु यस देशको नागरिकहरूको दायित्व र कर्तव्य हो । यो अवस्थामा नागरिक शिक्षाको भूमिका कस्तो रहन्छ ? यहाँ एकातर्फ आफ्नै किसिमको संस्कार संस्कृति, रहन सहनले जरा गाडेको छ भने अर्को तर्फ तीव्र जनसंख्या वृद्धि, बाढ्दो बेरोजगारी, अस्थिर राजनीतिक जस्ता कारणले परिवारिक विखण्डन, वैचारिक द्वन्द्व, हत्या, हिंसा, अपराध, आत्महत्या, वातावरणीय विनास, भ्रष्टचार, लागुपदार्थ दुर्व्यसन, जातीय, क्षेत्रीय, बर्गीय, लैङ्गिक विभेद जस्ता समस्याले हाम्रो समाज दिनानुदिन आक्रान्त बन्दै गइरहेको छ । यस अवस्थामा विद्यालयमा तयार गरिएको नागरिक शिक्षाको बर्तमानका नीति, विषयवस्तु र क्रियाकलापहरूले समाजलाई कति परिवर्तन गर्न सक्छ ? समाजमा निहित परम्परागत मूल्य मान्यता, संस्कार र सस्कृतिहरूलाई कसरी संरक्षण गर्न सक्छ ? प्रत्येक व्यक्तिलाई कसरी असल नागरिक बनाउन सक्छ ? लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र सम्बर्द्धन गर्न कस्तो भूमिका निर्वाह गर्न सम्छ ? समाजमा देखिएको विभिन्न विभेदहरूको अन्त्य गर्न सक्छ कि सक्दैन ? यी पक्षहरू नागरिक शिक्षाको चुनौति र समस्याको रूपमा कथन गरिएको छ । यसको लागि निम्न अनुसन्धान प्रश्नहरू निमार्ण गरिएको छ :

- विद्यालय तहमा नागरिक शिक्षासँग सम्बन्धित नीतिगत प्रावधानहरू के कस्ता छन् ?
- विद्यालयमा शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने आचारसहिताहरू के कस्ता छ ?
- आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरूमा ध्यान दिनुपर्छ ?

- विद्यार्थीलाई असल नागरिक बनाउन के कस्ता ऐन,नियमहरूले सहयोग गर्न सक्ला ?
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयको बर्तमान पाठ्यक्रम र पाठ्याशंमा के कस्तो विषयवस्तुहरू समावेस गरिएको छ ?
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनुपर्ला ?
- नागरिक शिक्षा सम्बन्धी पाठ्यक्रम र पाठ्यांश अन्तरगतका विषयवस्तुलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?
- असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के कस्तो हुन्छ ?
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयमा के कस्तो क्रियाकलापहरू सञ्चालन भइरहेको छ ?
- विद्यालयमा भएको  के कस्तो क्रियाकलापहरू सुधार गर्नु पर्ला ?

## १.३ अध्ययनको महत्त्व

हरेक अध्ययन अनुसन्धानको आ-आफ्नै महत्त्व हुन्छ । विद्यालय तहमा नागरिक शिक्षाको पनि आफ्नै किसिमको महत्त्व रहेको छ । नागरिक शिक्षाले विद्यार्थीमा नगरिक जीवनको सार्थकता, मताधिकारको सदुपयोग, नागरिक विवेक, पारस्परिक सम्बन्ध, सहिष्णुता, आपसी सहयोग, सामाजिक भावना, असल र कुषल ब्यबहार, प्रजातन्त्रिक समाजमा सहज तरिकाले बाँच्नका लागि आवश्यक ज्ञान र सीप प्रदान गदर्छ । नागरिक शिक्षा ह्रास हुन नदिनु आफ्नो अधिकार र कर्तव्यको सहि तरिकाले पालना गर्न, विश्ववन्धुत्वको विकास गर्नका लागि प्रजातन्त्रको मूल्य मान्यतालाई संस्थागत गर्दै श्रमप्रति सकारात्मक नागरिक तयार गर्नु सहयोगी तथा मिलनसार आचरण निर्माण गर्नका लागि नागरिक शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

शिक्षाको परिमाणात्मक विकास र विस्तार गर्न नागरिक शिक्षाको विकासमा पनि त्यत्तिकै ध्यान पुऱ्याउनु जरुरी देखिन्छ । यसो गरिएमा मात्र लगानी अनुसारको प्रतिफल प्राप्त गर्न सकिन्छ र विद्यमान शैक्षिक क्षतीलाई न्यून गर्न सकिन्छ । शिक्षाको क्षेत्रमा धेरै ठूलो लगानी गरिए तापनि माध्यमिक तहको शिक्षाको गुणस्तर राम्रो नभएको, माध्यमिक शिक्षा उत्तीर्ण जनशक्ति दक्ष र सीपयुक्त नभएको भन्ने जनगुणासाहरू सुन्नमा आइरहेको पाइन्छ । यसो हुनुमा शिक्षाको राष्टिय नीति राम्रो नहुनु, समय अनुकूल ब्यावसायिक र रोजगारमूलक प्रयोगात्मक विषयवस्तुहरूको अभाव, आर्थिक तथा भौतिक अवस्था कमजोर हुनु क्रियाकलापमूखी लगानीको अभाब जस्ता विभिन्न कारणहरू हुन सक्छन । नेपालमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यलय तहको शिक्षामा आमूल परिर्बतन गर्न खोजे पनि शिक्षा क्षेत्रमा राजनीतिक भागबण्डा हाबी भइ आज दिन-प्रतिदिन धेरै बालबालिकाको भविष्यमा खेलवाड भइरहेको अवस्था छ । यस्तो प्रवृतिबाट शिक्षक, विद्यार्थी र कर्मचारी कोही पनि सन्तूष्ट देखिदैन । यदि शिक्षा क्षेत्रमा

यही अवस्था रहन दिने हो भने देशले झन ठूलो शैक्षिक क्षति बेहोर्नु पर्ने अवस्था नआउला भन्न सकिन्न । तसर्थ नागरिक शिक्षाले राजनीतिक सदस्यता सुरक्षित राख्ने चेतना प्रदान गरे पनि विद्यालयमा गरिने यस्ता क्रियाकलापहरू जरादेखि नै उखालेर फल्न सक्नुपर्छ ।

यस अध्ययनमा विद्यालय तहमा नागरिक शिक्षासम्बन्धी भएका नीतिगत प्रावधानहरू, विषयवस्तु र क्रियाकलाप पहिचान गरिनेछ र आवश्यक परेका बेला प्रयोगमा ल्याइनेछ । पछिका अनुसन्धानकर्ताहरूका लागि साहित्य पुनरावृत्तिको रूपमा रहनेछ । नागरिक शिक्षासम्बन्धी विद्यालय तहमा भएका प्रयासहरू खोजी गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई उपयोगी मानिएकोले यो अध्ययन महत्त्वपूर्ण मानिएको थियो । यस अध्ययनको अन्य महत्त्वहरू निम्न अनुसार उल्लेख गरिएकोछ :

- नागरिक शिक्षा सम्बन्धि ज्ञान, सीप प्राप्त गर्न चाहने व्यक्तिलाई सहयोग पुऱ्याउनेछ ।
- नागरिक शिक्षा सम्बन्धि विद्यालयले व्यवस्था गरेको नीतिगत प्रावधान, विषयवस्तु र कार्यहरूको जानकारी दिनेछ
- नागरिक शिक्षाले ल्याएको सकारातमक पक्षहरू थाहा पाउन सकिनेछ ।
- व्यक्तिलाई आफ्नो जीवनलाई सहज रूपले संचालन गर्नका लागि आवश्यक नैतिक, धार्मिक, प्रजातान्त्रिक कुराको ज्ञान दिनेछ ।
- नागरिक शिक्षाले छरछिमेक र समुदायप्रति आफ्नो कर्तव्य पूरा गर्न सिकाउनेछ ।
- यस शीर्षकसम्बन्धी अन्य अनुसन्धानकर्तालाई अध्ययन गर्न थप आधार प्रदान गर्नेछ ।
- यस अध्ययनले नागरिक शिक्षासम्बन्धी एउटा विद्यालयमा भएको राम्रा-राम्रा क्रियाकलापलाई अन्य विद्यालयलयमा पनि फैलाउन सक्नेछ ।
- एक पटकको ज्ञान, सीप प्राप्तिले अध्ययन कर्ता स्वयंलाई भावी जीवनमा सहायेग गर्ने भएको ले पनि यो अध्ययन महत्त्वपूर्ण मानिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन कार्यलाई व्यवस्थित र सहज रूपमा सम्पन्न गर्नको लागि उद्देश्यले मार्गदर्शन गदर्छ । त्यसैले हरेक अध्ययनको अद्धेश्य निर्धारण गर्न आवश्याक मानिन्छ । यस अध्ययनको लागि निम्न उद्देश्यहरू निर्धारण गरिएको थियो

१. नागरिक शिक्षासंग सम्बन्धित मूल्यमान्यताहरू पहिचान गर्नु ।

२. नागरिक शिक्षाको विषयवस्तुहरू पहिचान गर्नु ।

३. नागरिक शिक्षाको लागि विद्यालयमा भइरहेको क्रियाकलापहरू पहिचान गर्नु ।

## १.५ अध्ययनको सिमाङ्कन

अध्ययन र अनुसन्धानले वृहत क्षेत्र ओगटेको हुन्छ । यस्ता सम्पूर्ण क्षेत्रको अध्ययन गर्न कठिन हुन्छ । अध्ययन गर्न खोजिएको विषयवस्तुको आकार, प्रकृति र उद्देश्यको आधारमा अध्ययनको सीमा निर्धारण गरिएको हुन्छ । यस अध्ययनको सिमाङ्कहरू निम्न अनुसार निर्धारण गरिएका थिए :

- यस अध्ययनको क्षेत्र धनकुटा जिल्ला फाक्सिब गा.वि.स मा सञ्चालित सीता देवी माध्यामिक विद्यालय र मारेककट्टहरे गा.वि.स मा सञ्चालित धर्मोदय माध्यमिक विद्यालय मात्र रहेको थियो ।
- यो अध्ययन माध्यमिक तहभित्र मात्र सीमित गरिएको थियो ।
- यस अध्ययनमा विद्यालयको प्रधानाधयापक, शिक्षकहरू, कक्षा नौ र दशका दश-दश गरी बीस जना विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई मात्र समावेश गरिएको थियो ।
- यस अध्ययनको साधनहरू प्रधानाध्यापक र वि.व्य. समितिको अध्यक्षलाई अन्तवार्ता, शिक्षकलाई प्रश्नावली र विधार्थीसँग छलफल र प्रश्नावली दुवै गरिनेछ । पाठ्यक्रममा समावेश गरिएको विषयवस्तु थप टिपोटको लागि दस्तावेज अध्ययन गरिएको थियो ।
- अध्ययनमा नागरिक शिक्षा सम्बन्धी मूल्यमान्यताहरू, विषयवस्तु र क्रियाकलापहरू मात्र रहको थियो ।

## १.६ सम्वन्धित शब्दावलीको परिभाषा

नागरिक शिक्षा - व्यक्तिलाई नागरिकको रूपमा रूपान्तरण गर्न अधिकार र कर्तब्य पालना, आफ्नो कर्तब्य बोध गर्न सक्ने अवस्था सृजनाका लागि चेतना प्रदान गर्न आवश्याक शिक्षा । जस्तै-ऐच्छिक विषयका रूपमा पढाइ भइरहेको विषयहरू, विभिन्न विषयहरूसंग एकिकृत गरिएका विषयहरू ।

नागरिक शिक्षाको विषयवस्तु - नागरिक शिक्षासम्बन्धी विद्यालयमा पढाइ हुने विषयवस्तु वा अन्य विषयवस्तुहरू ।

# परिच्छेद दुई
# पूर्वसाहित्यको अध्ययन

अनुसन्धानको क्रममा सर्वप्रथम अनुसन्धानको विषयसँग परिचित हुन सम्बन्धित विभिन्न साहित्यहरूको अध्ययन गर्न अनिवार्य हुन्छ पूर्व साहित्यको अध्ययनले अनुसन्धान गर्ने विषय कस्तो हो, कहाँबाट आयो, के कारणले आयो, कसरी आयो, कसलाई के सहयोग गर्छ जस्ता कुराहरूसँग स्पष्ट गराई अनुसन्धानकर्ताको लक्षय र उद्देश्य एकिन गर्न सहयोग गर्दछ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

Saunder (1997) द्वारा उल्था गरिएको The law मा Plato ले असमानता र अन्याय प्रति सचेत हुनु नै नागरिक शिक्षा हो, भनेका छन् । यो भनाइ अनुसार नागरिक शिक्षाले सबैलाई समानता प्रदान गर्दछ । न्यायोचित विचार आदान प्रदान गर्न सहयोग गर्दछ । अनुचित व्यवहार, अत्यचार, व्यभिचारप्रति सचेत गराउँदछ । समाजमा सामाजिक चेतनाको विकास गराउँदछ । यसको लागि राष्ट्रले समानता र न्याय प्रदान गर्न सक्ने खालको नीति नियम र मापदण्डहरू निमार्ण गर्नुपर्दछ । प्लेटोका यी धारणाहरू नागरिक शिक्षाका लागि सकारात्मक छन् तापनि मेरो विचारमा यसले नागरिक शिक्षाको सबै क्षेत्रलाई संवोधन गर्न सक्दैन् । नागरिक शिक्षाले समाज र राज्यको असल नागरिक भएर बाँच्नको लागि आवश्यक सम्पूर्ण ज्ञान, सीप अनुभव र क्षमताप्रति पनि सचेत गराउन सक्नु पर्दछ । जसले खराव कुराहरूको अन्त्य गरी असल कुराहरूलाई बढावा दिन सकोस् ।

Everson (1988) द्वारा सम्पादित The poltics मा Aristotle ले स्वतन्त्रता र समानता नै नागरिक शिक्षा हो, भनेका छन । अरस्तुको यो भनाइ पनि प्लेटोले माथि उल्लेख गरेको विचारसँग मिल्दो जुल्दो देखिन्छ । उनको यो विचार अनुसार प्रजातन्त्रको अभ्यासमा राज्यले प्रत्येक नागरिकलाई स्वतन्त्रता र समानता प्रदान गरेको हुन्छ । जसको लागि प्रत्येक व्यक्ति र राजनीतिक समुदायबीच कार्यभारमा सहकार्य हुन्छ । विचारमा स्वतन्त्रता हुन्छ । अभिव्यक्तिमा स्वतन्त्रता, शान्तिपूर्ण सहभागितामा स्वतन्त्रता हुन्छ । रोजगारी, पेशा, व्यापार, व्यवसायमा स्वतन्त्रता हुन्छ । जसले नागरिक शिक्षाको अनुभूति प्रदान गर्दछ । उनको विचारमा स्वतन्त्रताको सीमा र क्षेत्र भने निर्धारण गर्न आवश्यक मानिन्छ । यसरी स्वतन्त्रता प्रदान गर्ने तर स्वतन्त्रताको क्षेत्र र सीमा निर्धारण नगर्ने हो भने नागरिक शिक्षाले असल नागरिकभन्दा बढी खराब नागरिक उत्पादन गर्न पनि पछि नपर्ला भन्न सकिन्न ।

Cranston (1988) द्वारा उल्था गरिएका The social contract मा Rousseau ले राजनीतिक सहभागिताको लागि आवश्यक सीपहरू मात्र नभएर उसको नेतृत्व क्षमता, चाहना र रुची पनि असल नागरिकका गुणहरू हुन, भनेका छन् । उनले राजनीतिक सहभागिताको

लागि अन्तर इच्छा, चाहना, र रुचीलाई प्राथमिकता दिएको छ । वास्तवमा अन्तर इच्छा र चाहना विना राजनीतिमा मात्र होइन कुनै पनि पक्षमा अर्थपूण सहभागिता हुन सक्दैन । यस अर्थमा नागरिक शिक्षाले व्यक्तिको अन्तर इच्छा, रुची र चाहनाको सकारात्मक विकास गर्दछ । जसले राजनीतिक सहभागितामा सफलतापूर्वक नेतृत्व प्रदान गर्न सहयोग गर्दछ । उनको विचारमा प्रकृतिले जे सिकाउँछ त्यो नै शिक्षा हो ।

Stanford Encyclopedia of Philosophy का अनुसार नागरिक शिक्षा राजनीतिसँग सम्बन्धित शिक्षा हो, जसले राजनीतिक सहभागिताको लागि आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्दछ । राजनीतिक व्यवस्था निरङ्कुश, दमनात्मक र प्रजातान्त्रिक विभिन्न प्रकारका हुन्छन् । राजनीतिको प्रकृति र स्वरूप अनुरूप आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्ने काम नागरिक शिक्षाको हो । निरङ्कुश र दमनात्मक प्रकृतिको राजनीतिमा नागरिक शिक्षा पनि दमनात्मक र लाद्ने प्रक्रियाले प्रदान गरिन्छ र प्रजातान्त्रिक कक्षाहरूमा नागरिक शिक्षा पनि स्वीकारात्मक प्रक्रियाले प्रदान गरिन्छ । यस अर्थमा विद्यालयमा नागरिक शिक्षा दमनात्मक र स्वीकारात्मक दुई तरिकाले प्रदान गर्ने गरिन्छ । दमनात्मक विधि परम्परागत, एकलबादी र शिक्षक केन्द्रित हुन्छ । एकलवादी समाजमा राजनीतिक सहभागिता नगन्य र सीमित मात्रामा हुने हुँदा नागरिक शिक्षालाई सीमित र सङ्कुचित अर्थमा परिभाषित गरिएको पाइन्छ । प्रजातान्त्रिक प्रकृया हुनको लागि कक्षामा बालमैत्री वातावरणमा विद्यार्थी केन्द्रित विधिको प्रयोग अनिबार्य हुन्छ । विद्यार्थीहरू आफूले पढ्ने विषयवस्तु र क्रियाकलापहरू उनीहरूको रुची चाहनाका अनुरूप सञ्चालन गरिन्छ । यसमा विद्यार्थी स्वंयलाई सत्य-असत्य, ठीक-बेठीक, असल-खराब, अधिकार, कर्तव्यहरूको बारेमा निर्णय गर्ने अधिकार र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरिएको हुन्छ । यस किसिमको स्वतन्त्रता खुल्ला बहुलवादी र प्रजातान्त्रिक समाजमा संभव छ । यस्तो समाजमा नागरकिहरू बढीभन्दा बढी राजनीतिक सहभागिता हुने भएकोले नागरिक शिक्षालाई पनि व्यापक अर्थमा परिभाषित गर्ने गरेको पाइन्छ । तर खुल्ला समाज हुदैमा कक्षाकोठाभित्र खुल्ला र प्रजातान्त्रिक वातावरण भइहाल्छ भनेर एकिन गर्न सकिदैन ।

## २.२ विषयगत साहित्यको समीक्षा

गौतम, (२००३) यस साहित्य अनुसार नागरिक शिक्षाले नागरिक अधिकार र उत्तरदायित्व प्रति सचेत गराएछ । असहज परिस्थितिलाई पनि सहज बनाउन सिकाउछ । मानिसलाई आफ्नो उत्तरदायित्व वहन गर्न सहज बनाउछ । त्यसैगरी आफ्नो परम्परागत मूल्यमान्यताको संरक्षण गर्न सिकाउछ । यसमा हरेक देशका नागरिकहरूमा नागरिक सीप र नागरिक गुणको विकास गर्ने कार्य नागरिक शिक्षाबाट आरम्भ हुनुपर्दछ । नागरिक शिक्षाले जीवनको यथार्थतालाई अवगत गराउनको साथै मानवीय मूल्य मान्यता एवं धारणाहरूको बारेमा ज्ञान दिने गर्दछ । यसको लागि प्रत्येक बालबालिकाहरूलाई विद्यालयको प्रारम्भिक तह देखि नै नागरिक शिक्षा

उपलब्ध गराउनु पर्दछ । यो साहित्यले अध्ययनको पृष्ठभूमि अन्तर्गत परिचय, महत्त्व, ऐतिहासिक विकासक्रम र सारंश लेखनको लागि सहयोग गरेकोछ ।

कोइराला र आचार्य, (२००२), यसमा नागरिक शिक्षा विकासमा सहयोग गर्न विद्यालयको अवस्था पहिचान गर्नु, शिक्षक र विद्यार्थीहरूमा निहित नागरिक चेतना निर्धारण गर्नु, विद्यार्थीमा निहित नागरिक शिक्षाले अतिरिक्त क्रियाकलापहरूमाा गरेको सहयोग निर्धारण गर्नु, जस्ता उद्देश्यहरू उल्लेख गरिएको छ । यस रिपोर्टले मेरो अध्ययनको तेस्रो उद्देश्य "विद्यालयमा गरिएको कार्यहरू" अनुसन्धान गर्न सहयोग गरेको छ ।

भट्टराई, पौडेल र साथीहरू, (२०६६) का अनुसार आफू रहेको राजनीतिक समुदायको सदस्यका रूपमा नागरिकका हक र अधिकारका साथै कर्तव्य र दायित्व समेत हुन्छन् । लोकतान्त्रिक समाजको सदस्यका रूपमा त्यस समाजमा आफ्नो अधिकारका साथसाथै कर्तव्य र दायित्वप्रति सचेत भई नागरिकको भूमिका निर्वाह गर्न सहयोग गर्ने शिक्षा नै नागरिक शिक्षा हो । यो साहित्यको अध्ययनले नागरिक शिक्षाको परिचय, परिभाषा र महत्त्व लेखनको लागि सहयोग गरेको छ । अझ यसको विस्तृत अध्ययनले नागरिक शिक्षा अन्तगर्त समावेश गरिएको विषयवस्तुहरू पहिचान गर्न सकिने अनुमान गरिएको छ । जसले यो अध्ययनको दोस्रो उद्देश्य पूरा गर्न सहयोग गरेकोछ ।

माध्यमिक शिक्षा पाठ्यक्रम प्रारुप (२०६३) का अनुसार, विद्यालय शिक्षालाई व्यवहारिक र जीवनोपयोगी बनाई व्यक्तिमा अर्न्तनिहित प्रतिभाको प्रस्फुटन र व्यक्तित्व विकासको सम्भावनालाई मानवीय मूल्य एवं सामाजिक मान्यता अनुकूल विकास गरी देश निर्माणका लागि उपर्युक्त मानव संसाधनको विकास गर्ने र सामाजिकरणका मध्यमले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गरी सामाजिक एकतालाई सुदृढ बनाउने तथा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मुलप्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रम विकास गर्ने प्रक्रिया निरन्तर रूपमा चलिरहेको छ । शिक्षालाई व्यवहारिक एवम् जीवन सापेक्ष गराई राष्ट्रिय परम्परा संस्कृति एवम् सामाजिक वातावरण तथा प्रजातान्त्रिक मूल्यमान्यतासँग परिचित, स्वावलम्बी, आर्थिक विकासमा टेवा पुर्‍याउन गर्ने उद्देश्य अनुरूप विद्यालय तहको पाठ्यक्रम विकास गर्ने प्रक्रिया चालु रहि आएको छ । परम्परागत मूल्यमान्यता, आस्था र नैतिकता ह्रासोन्मुख हुँदै गईरहेको वर्तमान परिवेशमा नयाँ पुस्ताका बालबालिकाहरूमा नेपाली समाजका नैतिक मूल्य, मान्यता र आस्थाहरूको सम्बर्द्धन गर्दै असल चरित्र निर्माणका माध्यमद्वारा समाजमा अनुकरणीय व्यवहार प्रदर्शन गर्ने सम्भ र स्वावलम्बी नागरिक तयार गर्ने उद्देश्यले यो पाठ्यक्रम तर्जुमा गरिएको स्पष्ट भएको छ ।

अनौपचारिक शिक्षा केन्द्रद्वारा प्रकाशित अनौपचारिक शिक्षामा शान्ति, मानव अधिकार र नागरिक शिक्षा (२०६७) का अनुसार नागरिक शिक्षाको महत्त्व निम्न अनुरार उल्लेख गरिएको छ

- हरेक नागरिकमा आफ्नो परिवार, समुदाय, समाज, राष्ट्र र विश्व समाजमा अफ्नै जिम्मेवारी बोध गराउन ।
- हरेक नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराई व्यक्ति, नागरिक समूह र राष्ट्रबीचको सम्बन्धको दायरा फराकिलो पार्न ।
- प्रत्येक व्यक्तिमा लोकतान्त्रिक संस्कृति र जीवन शैलीको विकास गराउने ।
- विभिन्न संस्कृति र परम्पराप्रतिको सहनशीलता, अहिंसा, सहअस्तित्व, आपसी सम्मानको विकास गर्न
- तोकतन्त्र, मानव अधिकार, शान्ति, सहयोग र विकास प्रति सकारात्मक प्रवृतिको विकास गर्न ।
- यसको आधारमा पनि नगरिक शिक्षाले व्यक्तिलाई सहनशीलता, सहअस्तित्व, आपसी सम्मानताका साथ आफ्नो जिम्मेवारी, कर्तव्य र अधिकारप्रति सचेत गराउदछ ।

फूयाँल (२००९) का अनुसार प्रजातन्त्रमा नागरिक शिक्षालाई महत्त्वपूर्ण स्थान प्रदान गरिन्छ । जसले स्वतन्त्रता र समानता प्रदान गरि नगरवासीहरूको अधिकार र उत्तर दायित्व प्रति सचेत गराउँछ । संयुक्त राज्य र विभिन्न राष्ट्रको विद्यार्थीहरले प्रजातन्त्र, स्वतन्त्रता र व्यक्तिगत अधिकारको बारेमा सिक्छन् । स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा राज्यको संरचनात्मक कार्य, आथिक, राजनीतिक र संस्थागत समस्याहरूको अध्ययन गर्दछन । जसले नागरिक शिक्षा प्रदान गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको हुन्छ । नागरिक शिक्षकले आफ्नो विद्यार्थीहरूलाई स्वतन्त्रताका साथ विभिन्न संघसंस्था र राज्यको विभिन्न क्रियाकलापमा सहभागी हुन प्रोत्साहन गर्दछ । जसवाट नागरिक शिक्षाको अनुभव प्राप्त गर्न सकिन्छ । यसमा उल्लेख गरिए अनुसार नागिरिक शिक्षाले जन्तालाई व्यक्तिगत अधिकार र स्वतन्त्रताको लागि राजनीतिक क्रियाकलापप्रति सचेत बनाउनु पर्दछ । नागरिक शिक्षाले कानूनी नियमको आधारमा व्यक्तिगत मूल्यमान्यता र अवलोकित दक्षतालाई विकास गर्नु पर्दछ । व्यक्तिगत उत्तरदायित्व पूरा गर्न साधारण उपयोगी सहभागितालाई स्वीकार गर्नु पर्दछ । यो शोध पत्रको अध्ययनले नागरिक शिक्षाको परिचय, परिभाषा र महत्त्व लेखनको लागि महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

## २.३ अन्तराष्ट्रिय साहित्यको समीक्षा

Brody (1994) का अनुसार अमेरिकाका माध्यामिक तहमा नागरिक शिक्षाको पाठ्यक्रम समावेश गर्दा चार वटा निष्कर्षहरू प्राप्त भएका छन् । जुन निम्न छन् :

- साधारण अमेरिकनभन्दा अमेरिकन उच्च नागरिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले बढी राजनीतिक सहनशीलता देखाउँछन् ।

- अरु पाठ्यक्रममा भन्दा हामी नागरिक भन्ने पाठ्यक्रममा विद्यार्थीहरू बढी सहनशील भएको पाईयो ।
- सहनशील बन्न अरुको कुरा ध्यानपूर्वक सुनेर, आफ्नो कुरा तर्कपूर्ण रूपमा राखेर अमेरिकन समाजको मूल्यमान्यतालाई अनुसरण गरेर सिक्न सकिन्छ ।
- विद्यार्थीलाई हौसला प्रदान गरी 'हामी नागरिक' कार्यक्रम अन्तर्गत सुनुवाइ प्रतियोगितामा उपस्थित गराउँदा उच्च तहको सहनशीलता पाइयो ।

यस निष्कर्षको आधारमा असल नागरिक सँग नभइ नहुने गुण सहनशीलत हुन । अरुको कुरा धैर्याताका साथ सुनेर, चिन्तन, मनन गरेर, असल खराव छुट्उयाएर, आफ्नो कुरा सत्य तथ्यको आधारमा तर्कसँगत ढंगले राखेर, आफ्नो समाजको मूल्य, मान्यताको अनुसरण गरेर सहनशीलता सिक्न सकिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । जसको विकास गर्न नागरिक शिक्षाले सहयोग पुऱ्याएको हुन्छ ।

School Improvement in Maryland का अनुसार अनौपचरिक पाठ्यक्रमको माध्यमद्वारा नागरिक शिक्षा प्रदान गर्न सकिन्छ । यसको भनाइ अनुसार विद्यालयमा निर्देशित पाठ्यक्रमबाट पढाउने, घोक्न लगाउने नगरेर खेलकुद, अतिरिक्त क्रियाकलाप सामुहिक छलफल, विभिन्न कार्यक्रम, नाटक, आमसञ्चार आदीको माध्यमद्वारा नागरिक शिक्षा प्रदान गर्न सकिन्छ । औपचारिक पाठ्यक्रमको विरोध गर्दै रुसो (१९८८) ले पनि विद्यालयको चार पर्खालहरू भत्काउ, बालकलाई प्रकृतिमा छोड भनेका छन् । परीक्षा प्रणाली औपचारिक पाठयक्रममा प्रयोग गरिने मूल्याङ्कको साधन हो । जसले विद्यार्थीको मनोवैज्ञानिक त्रास र भय सृजना गर्छ । यसलााई न्यूनिकरण गर्ने एउटा उपाय अनौपचारिक पाठ्यक्रम हो । विद्यालय र कक्षाकोठाहरूमा अनुकरण योग्य व्यवहार क्रियाकलाप, स्वभावहरू प्रर्दशन गर्न लगाएर असल नागरिकका लागि आवश्यक ज्ञान सीप प्रदान गर्न सकिन्छ । विद्यार्थी आफैलाई विभिन्न कार्यक्रम र नाटकहरू आयोजना र प्रस्तुत गर्न लगाएर असल नागरिकमा हुनुपर्ने भूमिका, नेतृत्व क्षमता, कर्तव्य र उत्तरदायीत्वहरू बोध गराउन सकिन्छ । विद्यालय आफैले खेलकुद, सामुहिक छलफल विभिन्न कार्यक्रमहरू आयोजना गरेर विद्यार्थीहरूको अर्थपूर्ण सहभागिता, असल विचार, सकारात्मक तर्क शक्ति प्रस्तुतीकरण, जिम्मेवारी वहन, सम्मान सत्कार, शिष्ट भाषा, व्यवहार सदचरित्रहरूको विकास गराउँन सकिन्छ । आमसञ्चारले नागरिक जीवनका विभिन्न चरणका पृथक ऐतिहासिक वृतान्त कथा र आत्मचरित्रहरू प्रशारण गर्ने हौसला प्रदान गर्दछ । जसमा सफल व्यक्तिका कथा वृतचित्रहरूले नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्दछ । यो साहित्यमा विद्यालयम निम्न सिकाइ क्रियाकलापहरूबाट नागरिक शिक्षा प्रभावकारी रूपमा प्रदान गर्न सकिन्छ भनि उल्लेख गरिएको छ ।

- कक्षामा गरिने छलफल, विद्यार्थी मार्गदर्शन, अरूप्रति सम्मान सत्कार सद्भाव असल व्यवहार, आत्म अनुशासनबाट नागरिक उत्प्रेरणा र हौसला प्रदान गर्न सकिन्छ ।
- विद्यार्थीलाई सासुदायिक सिकाइ कार्यक्रम, सिकाइ वातावरणहरूको अवलोकन र चुनावी छनौटमा युवाहरूलाई सहभागि गराएर विद्यालयमा नागरिक शिक्षा प्रदान गर्न सकिन्छ ।
- राज्य तथा राष्ट्रिय पर्वहरूमा दिइने विदा साथै कक्षा सहपाठी र स्थानीय नागरिकहरूको उपलब्धि मार्फत व्यक्तिलाई सामुहिक मूल्यमायन्यता र सद्भावको विकास गर्न सकिन्छ ।
- वर्तमानका महत्त्वपूर्ण घटनाहरूको नियमित छलफलद्वारा सामुहिक कार्य क्रमप्रति व्यक्तिलाई ध्यानाकर्षण गर्न सकिन्छ ।
- विद्यार्थीहरूलाई तर्क तथा चुनौतिहरूको बारे मूल्याङ्कनमा सहभागिता गराएर असल खराब, ठीक, बेठीकद्वारा नैतिक मूल्यमान्यताको पहिचान गर्न सकिन्छ ।
- विद्यालयले नागरिक संघसंस्थाहरूसँग आवद्ध रही सामुदायिक नेतृत्व र सम्बन्धित मुद्दाहरूलाई कक्षाकोठामा विद्यार्थीसँग छलफल गरी नागरिक सचेतना वृद्धि गर्न सकिन्छ ।

यहाँ उल्लेख गरिएको क्रियाकलापहरूको आधारमा विद्यार्थीहरूलाई बढी भन्दा बढी सामूहिक क्रियाकलापमा सहभागी गराएर, सिकाइ वातावरणको अध्ययन, अवलोकन गर्न लगाएर समसामयिक घटना र मुद्दाहरूको बारेमा छलफल र तर्क गर्न लगाएर नागरिक शिक्षा प्रदान गर्न सकिन्छ ।

The International Encyclopedia of Education (1985) का अनुसार नागरिक शिक्षाले शैक्षिक संस्थाको पाठ्यक्रम मार्फत व्यक्तिलाई राजनीतिक समुदायमा तिनीहरूको सामाजिक सदस्यता निश्चित गर्दछ । राष्ट्रभक्त, राजनीतिक संस्थाको इतिहास र संरचनाको ज्ञान, राजनीतिक अधिकार प्रतिको सकारात्मक धारणा, नियम पालना, समानता राजनीतिक सहभागितामा रुचि, राजनीतिक चेतना, राजनीतिक सञ्चारको विश्लेषण क्षमता जसता समाजको आधारमा मूल्य मान्यता प्रतिको विश्वासहरू नागरिक शिक्षाको उद्देश्यहरू हुन् । यो उद्देश्यको अध्ययन अनुसार नागरिक शिक्षाले ब्यक्तिलाई राज्यको अभिन्न अंगको रूपमा स्थापित गर्न समाजमा आफ्नो सामाजिक सदस्यता सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

The International Encyclopedia of Education (1995) का अनुसार विभिन्न राष्ट्रमा भएको नागरिक शिक्षाको तुलनात्मक अध्ययन गरिएको छ । पश्चिमी युरोपको अध्ययन अनुसार पश्चिमी युरोपका राष्ट्रहरूमा नागरिक शिक्षालाई विभिन्न तरिकाले व्याख्या गरेका पाइयो । संयुक्त अधिराज्यको परम्परावादी सरकारले १९८० देखि १९९० को दशकमा त्यहाँको नागरिक

शिक्षाले सामाजिक समस्याहरूलाई महत्त्व दिइएको थियो । त्यतिबेला संयुक्त अधिराज्यको नागरिक शिक्षाको उद्देश्य परम्परागत मूल्य मान्यताको शिक्षणलाई प्राथमिकता दिनु, राज्य नियन्त्रणकको समाधनमा अविश्वास गर्नु र संयुक्त राज्यलाई युरोप भन्दा मौलिक रूपमा बेग्लै कायम राख्नु रहेको थियो । पश्चिमी जर्मनको नागरिक शिक्षा संयुक्त अधिराज्यको भन्दा फरक थियो । पश्चिमी जर्मनको नागरिक शिक्षाको उद्देश्य राज्य नियन्त्रणको समाधान गर्नु भन्दा सामाजिक समस्यालाई राज्यले समाधान गर्नुपर्ने र पश्चिमी जर्मनलाई युरोपबाट अलग राख्नु भन्दा युरोपियन परिवेशमा आधारित राष्ट्रिय इतिहासमा गौरब गर्नु रहेको थियो । संयुक्त अधिराज्य र पश्चिमी जमर्नको नागरिक शिक्षा भन्दा स्वीडेनको नागरिक शिक्ष विद्यालय प्रणालीमा बढी केन्द्रित रहेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रमको माध्यमद्वारा शिक्षकलाई सहिष्णुता, समान अधिकार, लैङ्गिक समता, सत्यताको सम्मान, न्याय र मानव गुण जस्ता नागरिक मूल्यमान्यताहरू शिक्षण गर्ने निर्देशन प्रदान गरिएको थियो । यस्ता मूल्यमान्यताहरू परम्परागत व्याख्यान विधिद्वारा शिक्षण नगरेर शिक्षकको नेतृत्वमा विद्यार्थीहरूलाई विद्यालय र राष्ट्रिय समस्याको बारेमा छलफल गर्न लगाएको थियो । ल्याटिन अमेरिकाको नागरिक शिक्षा राजनीतिक परिवर्तनसँगै त्यहाको शिक्षा पनि परिर्वतन भएको पाइन्छ । यी देशहरू पश्चिमी युरोपको नागरिक शिक्षाबाट बढी प्रभावित भएको पाइन्छ ।

पूर्वीय युरोपमा आदर्शवादी, परम्परावादी र अपरिवर्तनीय पाठयक्रम तथा पाठ्यपुस्तकलाई सन १९९० को दशकमा राज्यको  परिवर्तित सन्दर्भ अनुसार प्रजातन्त्र, सहिष्णुता, व्यक्तिगत र प्रजातान्त्रिक सामाजिकीकरणलाई जोड दिनु नागरिक शिक्षाको उद्देश्य रहेको पाइयो । पश्चिमी मुलुकमा नागरिक शिक्षाको शैक्षणिक मूल्य, व्यक्ति र राष्ट्रिय सम्बन्धद्वारा निर्देशित भएको पाइन्छ तर एसिया र कम विकसित राष्ट्रहरूमा व्यक्तिहरूको नैतिक मूल्यको अन्तरसम्बन्धद्वारा निर्देशित भएको पाइन्छ । चीनको नागरिक शिक्षाले समानता र नयाँ संरचनागत मूल्यमा जोड दिएको पाइयो । सन् १९८० को दशक पछि साम्यवादी विचार र नैतिक शिक्षामा आधारित प्राथमिक विद्यालयहरू थिए  । यी विद्यालयहरूको उद्देश्य परिश्रमप्रति सकारात्मक भावनाको विकास, मितव्ययिता तथा ठिक र बेठिक छुट्याउन सक्ने क्षमताको विकास गर्नु रहेको थियो ।

त्यसैगरी दोस्रो विश्वयुद्ध पछि जापानले पनि नागरिक शिक्षामा जोड दिएको पाइन्छ । त्यतिबेलाको जापानी नागरिक शिक्षाको उद्देश्य विश्वमा शान्ति र प्रजातन्त्रको प्रबर्द्धन गर्न सहयोगी नागरिक तयार गर्न रहेको थियो ।


यसरी विभिन्न पूर्ब साहित्यहरूको अध्ययनबाट राष्ट्रियता, प्रजातन्त्र, स्वतन्त्रता, सहिष्णुता, समानता, न्याय, मानवता, नैतिकता, सत्यता, शान्ती, सुरक्षा, आपसी सम्मान,सदभाव, सामाजिक एकता, वाहुलबाद, समाजबाद, अधिकार र कतर्ब्यहरू जस्ता महत्त्वपूर्ण मूल्यमान्यताहरू नागरिक शिक्षासंग सम्बन्धित छन् भन्न सकिन्छ ।

## २.४ अध्ययनको अवधारणात्मक खाका

अध्ययन अनुसन्धानका लागि आवश्याक भावी योजनालाई अध्ययनको अवधारणात्मक खाका भनिन्छ । यसलाई अध्ययनको रूपरेखा र ढाँचा पनि भनिन्छ । कुनै पनि अध्ययनलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्यस अध्ययनसँग सम्बन्धित विषयवस्तुलाई समेटेर चित्रात्मक रूपमा ढाँचा प्रस्तुत गरेमा अध्ययनको अवधारणा प्रष्ट हुन जान्छ । यसले हरेक अध्ययनको निश्चित आधारहरू प्रदान गर्छ । त्यसको लागि अवधारणात्मक ढाँचा निमार्ण गर्न आवश्याक मानिन्छ । अध्ययनको अवधारणात्मक ढाँचाले अनुसन्धान कार्य सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्दछ । यस अध्ययनको लागि निम्न अवधारणात्मक ढाँचा उल्लेख गरिएको छ :

**चार्ट २.१**

**सूचना संकलनका लागि तयार गरिएको रूपरेखा**




यसरी माथी उल्लेख गरिएको अवधारणात्मक ढाँचाको आधारमा असल नागरिकका लागि माध्यमिक विद्यालयमा भएको नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू, विषयवस्तुहरू र क्रियाकलापहरूसँग सम्बन्धित सूचना तथा तथ्यांकहरू संकलन गरिएको थियो ।

# परिच्छेद तीन
# अध्ययन विधि

अनुसन्धान कार्य प्रभावकारी रूपमा सामन्य गर्नको लागि निशिचत विधि र तौरतरिकाहरू प्रयोग गर्न पर्ने हुन्छ । अध्ययनको शुरुदेखि अन्तसम्म प्रयोग गरिने विभिन्न प्रक्रियालाई अध्ययन विधि भनिन्छ । अध्ययनको लागि आवश्यक विधि पूर्व निर्धारण गर्नाले अध्ययन कार्य सरल र सहजता पूर्बक सम्पन्न गर्न सकिन्छ । जसको लागि अध्ययनको ढाँचा निमार्ण, नमुना छनौट, साधन निमार्ण, साधनको बैधता निधारण, सूचना संकलन र विश्लेषण जस्ता विधिहरू प्रयोग गरिएको थियो । जुन निम्न अनुसार उल्लेख गरिएको छ :

## ३.१ अध्ययनको ढाँचा

अनुसन्धान कार्यको लागि तयार गरिएको विस्तृत योजना तथा रणनीतिलाई अनुसन्धान ढाँचा भनिन्छ । यसमा अनुसन्धानको हरेक उद्देश्यहरू पूरा गर्नको लागि आवश्याक साधन र स्रोतहरू समावेश गरिएको हुन्छ । यसले अनुसन्धान कर्तालाई आफ्नो कार्य तर्फ मार्गदर्शन गर्दछ । यो अध्ययन बर्णनात्मक ढाँचामा आधारित छ । अध्ययन स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र सूचनाहरूलाई गुणात्मक र संख्यात्मक रूपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

**तालिका नं. ३.१**

| क.स | उद्देश्यहरू | सूचनाको स्रोत | साधन |
|---|---|---|---|
| १ | नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू पहिचान गर्नु । | शिक्षक | खुल्ला प्रश्नावली, |
| | | विद्यार्थी | खुल्ला प्रश्नावली, लक्षित समुह छलफल |
| | | प्र.अ. | खुल्ला अन्तरवार्ता |
| | | वि:व्य.स.अध्यक्ष | खुल्ला अन्तरर्वाता |
| | | स्रोत व्यक्ति | खुल्ला प्रश्नावली |
| २ | नागरिक शिक्षाको विषयवस्तुहरू पहिचान गर्नु । | विद्यार्थी | खुल्ला प्रश्नावली, लक्षित समुह छलफल |
| | | प्र.अ. | खुल्ला अन्तरर्वाता |
| | | वि:व्य.स.अध्यक्ष | खुल्ला अन्तरवार्ता |
| | | स्रोत व्यक्ति | खुल्ला प्रश्नावली |
| | | शिक्षक | खुल्ला प्रश्नावली |
| ३ | नागरिक शिक्षाको लागि विद्यालयमा भइरहेको क्रियाकलापहरू पहिचान गर्नु । | विद्यार्थी | खुल्ला प्रश्नावली, लक्षित समुह छलफल |
| | | प्र.अ. | खुल्ला अन्तरर्वाता फारम |
| | | वि:व्य.स.अध्यक्ष | खुल्ला अन्तरवार्ता |
| | | स्रोत व्यक्ति | खुल्ला प्रश्नावली |
| | | शिक्षक | खुल्ला प्रश्नावली |

यो अध्ययन ढाँचाको आधारमा अध्ययनका औचारहरू निर्माणका गरिएको थियो । यसरी निर्माण गरिएको औजारहरू अनुसूची १७ मा राखिएको छ ।

### ३.२ नमूना छनौट

यस चरणमा निम्न पक्षहरूको नमूला छनौट गरिएको थियो :

#### ३.२.१ क्षेत्र छनौट

पूर्वाञ्चल विकास क्षेत्र, कोशी अञ्चल, धनकुटा जिल्ला अन्तर्गत पर्ने फाक्सिब गा.वि.स र मारेककट्टहरे गा.वि.स आफुलाई पायक पर्ने भएकोले उद्देश्यात्मक नमूना छनौट विधिद्वारा यी दुई गा.वि.स छनौट गएिको थियो ।

#### ३.२.२ विद्यालय छनौट

मारेककट्टहरे गा.वि.स मा सञ्चालित धर्मोदय उच्च माध्यमिक विद्यालय र फाक्सिब गा.वि.स मा सञ्चालित सीतादेवी माध्यामिक विद्यालयसँग आफु परिचित भएको हुँदा उद्देश्यात्मक नमूना छनौट विधिद्वारा यी दुई विद्यालय छनौट गएिको थियो ।

#### ३.२.३ प्रधानाध्यापक छनौट

यस अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न खुल्ला अन्तरवार्ताको लागि दुवै विद्यालयका एक एक गरी दुई जना प्रधानाध्यापकलाई स्वतः सूचना प्रदान कर्ताको लागि छनौट गएिको थियो । प्रधानाध्यपकहरूको नामावली अनुसूची १२ मा राखिएको छ ।

#### ३.२.४ शिक्षक छनौट

नमूना छनौटमा परेका दुवै विद्यालयको शिक्षकहरू मध्ये माध्यमिक तहमा अध्यापन गराइरहेका सबै शिक्षकहरूलाई खुल्ला प्रश्नावलीको लागि स्वतः छनौट गर्दा धर्मोदय माध्यमिक विद्यालय मारेकका ६ जना र सीतादेवी माध्यामिक विद्यालयका फाक्सिब ५ जना गरी ११ जना शिक्षकहरू लिइएको थियो । शिक्षकहरूको नामावली अनुसूची १३ मा राखिएको छ ।

#### ३.२.५ विद्यार्थी छनौट

नमुना छनौटमा परेको प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये निर्देशनात्मक नमूना छनौट विधिद्धारा कक्षा नौं बाट पाँच जना छात्र र पाँच जना छात्रा गरी दश जना त्यस्तै कक्षा दशबाट पनि पाँच जना छात्र र पाँच छात्रा गरी दश जना गर्दै एउटा विद्यालयबाट बीस जना र दुवै विद्यालयबाट जम्मा चालीस जना विद्यार्थी खुल्ला प्रश्नावलीको लागि छनौट गएिको थियो ।

विद्यार्थीहरूसँग प्रश्नावली भराउदा नै चिनजान भइसकेकोले उद्देश्यात्मक नमूना छनौट विधिद्धारा प्रश्नावलीमा छनौट गरिएको विद्याथीहरू मध्येबाटै कक्षा नौं का तीन छात्र र तीन छात्रा गरि छ जना, त्यस्तै कक्षा दशबाट पनि तीन जना छात्र र तीन जना छात्रा गरी छ जना र दुवै कक्षाबाट बाह्य जना विद्यार्थी लक्षित समुह छलफलका लागि नछौट गएिको थियो । दुवै

विद्यालयबाट छलफलको लागि बराबर विद्यार्थी संख्या लिइएको थियो । नमूना छनौटबाट लिइएको विद्यार्थीहरूको नामावली अनुसूची १४ मा राखिएको छ ।

### ३.२.६ सोत व्यक्ति छनौट

नमूना छनौटमा परेका दुवै विद्यालयका एक एक जना गरी दुई जना स्रोत व्यक्तिलाई खुल्ला प्रश्नावलीको लागि स्वतः सूचनादाताको रूपमा छनौट गएिको थियो । स्रोत व्यक्तिको नामावली अनुसूची १५ मा राखिएको छ ।

### ३.२.७ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट

नमूनाको रूपमा छनौट गरिएको विद्यालयको विद्यालय व्यवस्थापन समितिको एक एक जना अध्यक्ष गरी दुवै विद्यालयको अध्ययक्षहरूलाई अन्तर्वार्ताको लागि स्वतः सूचनादाताको रूपमा छनौट गएिको थियो । विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नामावली अनुसूची १६ मा राखिएको छ ।

## ३.३ अध्ययनको साधन निर्माण

अध्ययन विधिको यस चरणमा सूचना संकलनको लागि आवश्यक साधनहरू निर्माणगरिनेछ । उक्त साधनहरू उद्देश्यको आधारमा निर्माण गएिको थियो । जुन निम्न अनुसार उल्लेख गरिएको छ

### ३.३.१ शिक्षकको लागि खुल्ला प्रश्नावली निर्माण

शिक्षकको लागि खुल्ला प्रश्नावली निर्माण गएिको थियो । प्रश्नावलीमा नागरिक शिक्षाको सबैलाई उपलब्ध गराउन बनाइएको नीतिहरू, शिक्षक र विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिताहरू, आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, बर्तमान पाठ्यक्रम र पाठ्याशंमा समावेस गरिएको विषयवस्तुहरू, जोड दिनुपर्ने विषयवस्तुहरू, विद्यालयको कक्षाभित्र र बाहिर भइरहेको क्रियाकलापहरू, सुधार गर्नुपर्ने क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गएिको थियो । उक्त प्रश्नावली अनुसूची १ मा राखिएको छ ।

### ३.३.२ विद्यार्थीको लागि खुल्ला प्रश्नावली निर्माण

विद्यार्थीको लागि खुल्ला प्रश्नावली निर्माण गएिको थियो । प्रश्नावलीमा नागरिक शिक्षाको नीतिगत प्रावधानहरू अन्तरगत शिक्षक र विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिताहरू, आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, बर्तमान पाठ्यक्रम र पाठ्याशंमा समावेस गरिएको विषयवस्तुहरू, जोड दिनुपर्ने विषयवस्तुहरू, विद्यालयको कक्षाभित्र र बाहिर भइरहेको क्रियाकलापहरू, सुधार गर्नुपर्ने क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गएिको थियो । उक्त प्रश्नावली अनुसूची २ मा राखिएको छ ।

### ३.३.३ सोत व्यक्तिको लागि खुल्ला प्रश्नावली निर्माण

सोत व्यक्तिको लागि खुल्ला प्रश्नावली निर्माण गएिको थियो । प्रश्नावलीमा नागरिक शिक्षाको नीतिगत प्रावधानहरू अन्तरगत शिक्षक र विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिताहरू, आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, बर्तमान पाठ्यक्रम र पाठ्याशंमा समावेस गरिएको र जोड दिनुपर्ने विषयवस्तुहरू, विद्यालयको कक्षाभित्र र बाहिर भइरहेको क्रियाकलापहरू, सुधार गर्नुपर्ने क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गएिको थियो उक्त प्रश्नावली अनुसूची ३ मा राखिएको छ ।

### ३.३.४ लक्षित समूह छलफल निर्देशिका निर्माण

खुल्ला प्रश्नावली, खुल्ला अन्तर्वार्ता र दस्तावेज अध्ययनबाट प्राप्त सूचनालाई अझ बैध तुल्याउनको लागि विद्यार्थीहरूसँग छलफल गर्न लक्षित समूह छलफल निर्देशिका निमार्ण गएिको थियो । छलफल निर्देशिकामा नागरिक शिक्षाको नीतिगत प्रावधानहरू अन्तरगत शिक्षक र विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिताहरू, आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, बर्तमान पाठ्यक्रम र पाठ्याशंमा समावेस गरिएको विषयवस्तुहरू, जोड दिनुपर्ने विषयवस्तुहरू, विद्यालयको कक्षाभित्र र बाहिर भइरहेको क्रियाकलापहरू, सुधार गर्नुपर्ने क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गएिको थियो । उक्त छलफल निर्देशिका अनुसूची ४ मा राखिएको छ ।

### ३.३.५ प्रधानाध्यापकको लागि खुल्ला अन्तरर्वाता निर्देशिका निर्माण

विद्यार्थीहरूलाई नागरिक शिक्षा उपलब्ध गराउनको लागि शिक्षक र विद्यार्थीको लागि तयार गरिएको नीति र विद्यार्थीले पालना गर्नुपर्ने आचारसहिताहरू, पाठ्यक्रम र पाठ्यांश अन्तरगतका विषयवस्तुहरू,  विद्यालयमा सञ्चालन भइरहेका क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गरी प्रधानाध्यापकको लागि अन्तरर्वाता निर्देशिका निर्माण गरिएको थियो । उक्त अन्तरवार्ता निर्देशिका अनुसूची ५ मा राखिएको छ ।

### ३.३.६ विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि खुल्ला अन्तरर्वाता निर्देशिका निर्माण

विद्यार्थीहरूलाई नागरिक शिक्षा उपलब्ध गराउनको लागि शिक्षक र विद्यार्थीको लागि तयार गरिएको नीति र विद्यार्थीले पालना गर्नुपर्ने आचारसहिताहरू, पाठ्यक्रम र पाठ्यांश अन्तरगतका विषयवस्तुहरू,  विद्यालयमा सञ्चालन भइरहेका क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू समावेश गरी  विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि अन्तरर्वाता निर्देशिका निर्माण गरिएको थियो । उक्त अन्तरवार्ता निर्देशिका अनुसूची ६ मा राखिएको छ ।

### ३.३.७ दस्तावेज अध्ययन निर्देशिका निमार्ण

शिक्षक, विद्यार्थी , प्र.अ., स्रोत व्यक्ति र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्राप्त सूचनाहरूलाई बैध तुल्याउनको लागि विभिन्न स्रोतहरूबाट प्राप्त दस्तावेजहरू अध्ययन निर्देशिका निमार्ण गरिएको थियो ।

### ३.३.८ साधनहरूको बैधता निर्धारण

यस अध्ययनमा प्रयोग गरिने साधनहरूको नमूना निर्माण गरी बैधता निर्धारण गर्न शोध निर्देशक र साथीाहरूसँग छलफल गरी आवश्यक सुधार गरिएको थियो । सुधार गरिएको साधन प्रयोग गरी पूर्व परीक्षण गरेर मात्र अन्तिम रूप प्रदान गरिएको थियो ।

## ३.४ सूचना संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न प्राथमिक स्रोत र सहायक स्रोतको प्रयोग गरिएको थियो । जुन निम्न छनः

यस स्रोत अन्तर्गत प्रश्नावली, लाक्षित समूह छलफल र अन्तरर्वाता जस्ता साधनहरू प्रयोग गरी प्राथमिक सूचना संकलन गरिएको थियो । प्राप्त सूचनाहरूलाई अफ बैद्य तुल्याउनका लागि दस्तावेज अध्ययनद्वारा सहायक सूचनाहरू संकलन गरिएको थियो ।

## ३.५ सूचनाको बैधता निर्धारण

अध्ययन क्षेत्रमा सूचना संकलन सँगसँगै संकलित सूचनाको आवश्यकता अनुसार त्रिकोर्णात्मक जाच गरिएको थियो । अस्पष्ट र विरोधाभाष सूचनाहरूलाई तुरुन्तै सोधी यकिन गरिएको थियो । सूचना संकलन गरिएको कुरा सम्वन्धित ब्यक्तिद्धारा सही गर्न लगाइ प्रमाणित गरिएको थियो ।

## ३.६ नैतिकताका पक्षहरू

हरेक व्यक्तिसँग आफ्नै प्रकारको नैतिक मूल्यमान्यता रहेको हुन्छ । ती कुरालाई ख्याल गरी व्यक्तिगत मान मर्यादामा आँच आउने कुनै कार्य गरिएको छैन । उनीहरूले गोप्य राख्न चाहेको कुराहरूलाई बाहिर ल्याइएको छैन । प्रतिवेदन लेखनमा उल्लेख गर्न स्वीकृति प्राप्त कुराहरूलाई मात्र उल्लेख गरिएको छ ।

# परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धानबाट संकलित सूचनाहरू छरिएर रहेको हुन्छ । ती छरिएर रहेको सूचनाहरूलाई उद्देश्य अनुरूप छुट्याउने, साङ्केटीकरण गर्ने, वर्गीकरण गर्ने, सँगठन गर्ने र प्रस्तुत गर्ने कार्यलाई सूचनाको विश्लेषण र व्याख्या भनिन्छ । अनुसन्धान गर्ने क्रममा "नागरिक शिक्षाको लागि विद्यालय तहमा गरिएको प्रयासहरू" शीर्षक अन्तर्गत विभिन्न साधनद्वारा प्राप्त सूचना र सँगठन गरी उद्देश्यको आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१ नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू

विद्यालयमा शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई स्वतन्त्रता प्रदान गर्न, खराव क्रियाकलापबाट बचाइ असल क्रियाकलाप र व्यवहारहरू प्रदर्शन गर्न, शिक्षक, विद्यार्थी, कर्मचारी लगायत विद्यालयका सम्पूर्ण सम्पत्तिहरूको सुरक्षा गर्न विद्यालय परिवारको कर्तव्य र दायित्व हो । यस्ता कर्तव्य र दायित्वप्रति नागरिक शिक्षाले सचेत गराउन सक्नुपर्दछ । यसका लागि विद्यालयले विभिन्न खालका नीति, रणनीति र नियमहरू निर्माण गरी परिचालन गर्न आवश्यक मानिन्छ । जुन स्वतन्त्रता प्रदान गर्न सक्ने र स्वतन्त्रताको परिधि निर्धारण गर्न सक्ने दुवै खालको हुन सक्छ । यसै सन्दर्भमा नागरिक शिक्षाले विद्यार्थीलाई असल नागरिक निर्माण गर्नुपर्छ भन्ने व्यक्तिगत धारणाका साथ अनुसन्धान प्रस्तावनामा नागरिक शिक्षाको लागि विद्यालय तहमा भएको नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू पहिचान गर्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्ने क्रममा नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू मध्ये असल नागरिकका विशेषताहरू र शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहितालाई जोड दिँदै विभिन्न अनुसन्धान प्रश्नहरू निर्माण गरी अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गइ संकलन गरिएको सम्पूर्ण सूचनाहरूलाई असल नागरिकका विशेषताहरू, शिक्षक र विद्यार्थीको आचारसंहिता र आचार संहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू अन्तर्गत उल्लेख गरी व्याख्या गरिएको छ ।

#### ४.१.१ असल नागरिकका विशेषताहरू

विद्यालय तहमा नागरिक शिक्षासम्बन्धी उद्देश्य र विषयवस्तुसँग सम्बन्धित विभिन्न सरोकारवालालाई विभिन्न प्रश्न सोधिएको थियो । असल नागरिकको भूमिका निर्वाह गर्नको लागि शिक्षक र विद्यार्थीले विभिन्न कुराको जानकारी प्राप्त गरेको हुनुपर्छ । जसमा असल नागरिकका विशेषताहरू पत्ता लगाउने उद्देश्यले सूचनादाता र अनुसन्धानको साधन अनुकूल प्रश्न निर्माण गरिएको थियो । उक्त साधन प्रयोग गरी तोकिएको सूचनादाताहरूबाट आशा

गरिएको प्रतिक्रिया लिइएको थियो। उक्त प्रतिक्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं.४.१**

**असल नागरिकका विशेषता सम्बन्धी प्रतिक्रिया**

| **क्र.स.** | **प्राप्त प्रतिक्रिया** | **जम्मा व्यक्ति** | **क्र.स** | **प्राप्त प्रतिक्रिया** | **जम्मा व्यक्ति** |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>४<br>५<br>६<br>७<br>८<br>९<br>१०<br>११<br>१२<br>१३<br>१४<br>१५ | नैतिकवान<br>नेतृत्ववान<br>सृजनशील<br>चेतनशील<br>विश्वासी<br>दयालु<br>जिम्मेवार<br>सहयोगी<br>निःस्वार्थी<br>कुशल कार्य<br>स्वावलम्भी<br>परोपकारी<br>देशभक्ति<br>परिश्रमी<br>जेहेन्दार | १३<br>५<br>८<br>१९<br>३३<br>३०<br>२१<br>१३<br>८<br>३<br>५<br>७<br>८<br>११<br>५ | १६<br>१७<br>१८<br>१९<br>२०<br>२१<br>२२<br>२३<br>२४<br>२५<br>२६<br>२७<br>२८<br>२९<br>३० | अध्यापनशील<br>चरित्रवान, सभ्य,<br>सकारात्मक विचार<br>मित्रवत् व्यवहार<br>असल र शिष्ट<br>पक्षपात रहित<br>वैज्ञानिक सुझबुझ<br>पेशाप्रति उत्तरदायी<br>पेशाप्रति दक्ष<br>श्रमप्रति सकारात्मक<br>आदार र मायालुभाव<br>सेवाको भाव<br>समयको उचित प्रयोग<br>सक्रिय, सजग, दक्ष<br>कर्तव्यनिष्ठ | २३<br>८<br>५<br>३<br>८<br>४१<br>५<br>१०<br>९<br>२<br>३<br>८<br>४<br>२<br>९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार स्थलगत सर्वेबाट असल नागरिकका ३० वटा विशेषताहरू प्राप्त भएका छन्। उक्त प्रतिक्रियाहरू मध्ये नागरकि शिक्षाको विशेषता पक्षपात रहित हुनुपर्छ भन्ने ४१ जना पाइयो। त्यस्तै विश्वासी हुनुपर्छ भन्ने ३३ जना, दयालु हुनुपर्छ भन्ने ३० जना, अध्यापनशील हुनुपर्छ भन्ने २३ जना, जिम्मेवार हुनुपर्छ भन्ने २१ जना र चेतनशील हुनुपर्छ भन्ने १९ जना पाइयो भने सक्रिय, सजग, दक्ष **हुनुपर्छ** भन्ने २ जनाले र आदार र मायालुभाव, कुशल

काय र मित्रवत् व्यवहार हुनुपर्छ भन्ने ३/३ जना मात्र पाइयो । यसरी कुन प्रतिक्रिया कति जनाले दिएकाछन भन्ने कुरा तालिकामा उल्लेख गरिएको संख्याले स्पष्ट पारेको छ । जसले गर्दा यी प्रतिक्रियाहरू असल नागरिकका गुण वा विशेषताहरू हुन भन्न सकिन्छ ।

यहाँ उल्लेख गरिको वाहेक अनुशासित, अधिकार,कर्तव्यको पालना गर्ने, लगनशील, प्रयत्नशील, राष्ट्रहितका कार्यमा सरिक, अरुले के गरेनभन्दा आफूले क गर्ने भनेर हेर्ने, महिलालाई प्राथमिकता दिने, संस्कृतिको जगेर्ना गर्नु पनि असल नागरिकका विशेषताहरू हुन ।

### ४.१.२ विद्यालयमा भएका आचारसंहिताहरू

विद्यार्थीलाई असल नागरिक बनाउन र शिक्षकले असल नागरिकको भूमिका निर्वाह गर्नको लागि विद्यालयले तयार गरेको वर्तमानका आचारसंहिताहरू पत्ता लगाउने उद्देश्यले सूचनादाता र अनुसन्धानको साधन अनुकूल प्रश्न निर्माण गरिएको थियो । उक्त सबै तोकिएको सबै साधन प्रयोग गरी तोकिएको सूचनादाताहरूबाट आशा गरिएको प्रतिक्रिया लिइएको थियो । उक्त प्रतिक्रियालाई सामुहिकरण र वर्गीकरण गरी निम्न अनुसार उल्लेख गरिएको छ :

#### (क) शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता

विद्यालयमा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताहरू के कस्तो छन् भन्ने प्रश्नको प्रतिक्रिया अध्ययन क्षेत्रबाट लिइएको थियो । शिक्षकले पालना गर्नुपर्ने सबै आचारसंहिताहरू विद्यार्थीलाई थाहा हुँदैन भन्ने मान्यताले विद्यार्थीको प्रश्नावली र लक्षित समूह छलफल दुवैमा यो प्रश्न समावेश गरिएको थिएन । यसमा समयमा कक्षाकोठा प्रवेश गर्नुपर्ने, प्र.अ. को मतहतमा बस्नुपर्ने, विद्यालयले तोकेको पोशाक लगाउनुपर्ने, पेशाप्रति बफादार रहनु पर्ने, विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने, निर्धारित पाठ्यक्रम समय मै सक्नुपर्ने, प्रत्येक पाठको पाठयोजना बनाउनुपर्ने, विद्यार्थीकेन्द्रित शिक्षण गर्नुपर्ने, बालमैत्री वातावरण तयार गर्नुपर्नेगर्नुपर्ने, स्वीकृति लिएर मात्र विदामा बस्नु गर्नुपर्ने, विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्नुपर्ने, दिइएको जिम्मेवारी पूरा गर्नुपर्ने, विद्यार्थीको समस्या पत्ता लगाउनु पर्नु आफ्नो सम्पूर्ण जिम्मेवारी पूरा गर्नुपर्ने, विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपन, समय-समयमा विद्यार्थीलाई शैक्षिक भ्रमण गराउनुपर्ने, पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तु अध्यापन गर्नुपर्ने, विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुपर्ने, शिक्षणमा देखिएको समस्या समयमै समाधान गर्नुपर्ने, विद्यालयमा आए गएको समय हाजिरखातामा जनाई सही गर्नुपर्ने जस्ता विभिन्न खालका ३० वटा प्रतिक्रियाहरू प्राप्त भएका छन् । यी कति पय प्रतिक्रियाहरू पूर्ब साहित्यको समिक्षासँग मेल खान गएकोले पनि शिक्षकले पालना आचारसंहताहरू हुन भन्न सकिन्छ । जुन अनुसूची ७ मा उल्लेख गरिएको छ ।

अनुसूचीमा उल्लेख गरिएको प्रतिक्रिया अनुसार राजनीतिमा सक्रिय सहभागी हुन नपाइने भन्ने जना पाइयो भने बालमनोविज्ञानको आधारमा शिक्षण गर्नुपर्ने र प्रत्येक पाठको पाठयोजना बनाउनुपर्ने भन्ने ८ जना पाइयो । त्यस्तै वार्षिक कार्ययोजना बनाउनुपर्ने भन्ने ७ जना, स्वीकृति लिएर मात्र विदामा बस्नुपन भन्ने ६ जना, निर्धारित पाठ्यक्रम समय मै सक्नुपर्ने र पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तु पढाउनुपर्ने भन्ने ५ जना पाइयो भने शिक्षणमा देखिएको समस्या समयमै समाधान गर्नुपर्ने, समय-समयमा विद्यार्थीलाई शैक्षिक भ्रमण गराउनुपर्ने, सामाजिक मूल्यमान्यताको जानकारी राख्नुपर्ने, विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्नुपर्ने,

व्यक्तिगत स्वार्थमा लालायित हुन नपाउने, अनुकरण योग्य व्यवहार प्रदर्शन गर्नुपर्ने, पेशाप्रति बफादार रहनु पर्ने, विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने, विद्यार्थीकेन्द्रित शिक्षण गर्नुपर्ने, दिइएको जिम्मेवारी पूरा गर्नुपन, आफ्नो सम्पूर्ण जिम्मेवारी पूरा गर्नुपर्ने पक्षपात पूर्ण व्यवहार गर्न नपाइने भन्ने प्रतिक्रिया १/१ जनाले मात्र दिएको पाइयो ।

**(ख) विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता**

विद्यालयमा विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता के कस्ता छन् भन्ने बारे प्रश्न निर्माण गरी तोकिएको सूचनादाता सबैसँग प्रतिक्रिया लिइएको थियो । यसमा विद्यालय आउदा स्वतन्त्रता पाउनुपन, शिक्षकले भनेको मान्नुपने, सिकाइमा सहभागी हुनुपर्ने, नबुझेको कुरा सोध्नुपर्ने, मनिटरको कुरा मान्नुपर्ने, कक्षामा सक्रिय सहभागी हुनुपर्ने, आज्ञाकारी हुनपर्ने जस्ता विभिन्न खालका १६ वटा प्रतिक्रियाहरू प्राप्त भएका छन् । उक्त प्रतिक्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.२**

**ख. विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया**

| क.स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क.स | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | शिक्षकले भनेको मान्नुपने | १६ | १० | सामूहिक छलफल गनुपर्ने | ११ |
| २ | सिकाइमा सहभागी हुनुपर्ने | ३८ | ११ | कक्षाकोठमा साथीभाइसँग मिलेर बस्नुपर्ने | १५ |
| ३ | नबुझेको कुरा सोध्नुपर्ने | १३ | १२ | कक्षा मनिटरको ब्यावस्था गर्नुपर्ने | २३ |
| ४ | समूहमा मिलेर खेल्नुपर्ने | ७ | १३ | कक्षामा सक्रिय सहभागी हुनुपर्ने | २३ |
| ५ | आज्ञाकारी हुनपर्ने | ७ | १४ | समान सहभागी हुनुपर्ने | २३ |
| ६ | मनिटरको कुरा मान्नुपर्ने | १८ | १५ | स्वतन्त्रता पाउनुपर्ने | १६ |
| ७ | नेतृत्व सीप विकास | ७ | १६ | न्यायपूर्ण न्यवहार गर्नु पर्ने | २८ |
| ८ | अनिवार्य गृहकार्य गर्नुपर्ने | ३८ | | | |
| ९ | मनिटरलाई सोधेर मात्र भित्र बाहिर गर्नुपर्ने | २८ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

उक्त प्रतिक्रियाहरू मध्ये स्वतन्त्रता पाउनुपर्ने सिकाइमा सहभागी हुनुपर्ने र अनिवार्य गृहकार्य गर्नुपर्ने प्रतिक्रिया ३८ जनाबाट प्राप्त भएको थियो भने नडपालीस लगाउन नपाउने र कक्षा मनिटरलाई नसोधि कक्षा भित्र बाहिर गर्न नपाउनु पर्ने कुरा २८ जनाबाट प्राप्त भएको थियो ।

त्यस्तै समान सहभागी हुनुपर्ने, कक्षामा सक्रिय सहभागी हुनुपर्ने र कक्षा मनिटरको ब्यावस्था गर्नुपर्ने कुरा २३ जनाबाट प्राप्त भएको थियो भने आज्ञाकारी हुनपर्ने, नेतृत्व सीपको विकास र समूहमा मिलेर खेल्नुपर्ने कुरा ७/७ जनाबाट प्राप्त भएको थियो । जसले गर्दा यी प्रतिक्रियाहरू विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहताहरू हुन भन्न सकिन्छ ।

**(ग) शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता**

विद्यालयमा शिक्षक विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता के कस्तो छन् भन्ने प्रश्न स्रोतव्यक्ति, प्र.अ., शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिलाई राखिएको थियो । उक्त प्रश्नबाटविद्यालयमा हातहतियार सहित प्रवेश गर्न नपाउने,

सामाजिक कार्यमा सक्रिय सहभागी हुनुपर्ने, निर्धारित समयसम्म विद्यालय र कक्षामा बस्नुपर्ने, अनैतिक क्रियाकलाप गर्न नपाउने, विद्यालयको हित विपरित केही गर्न नहुने, विद्यालयद्वारा निषेध गरिएको क्रियाकलाप गर्न नहुने, सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नुपर्ने, सबैसँग शिष्ट व्यवहार गर्नुपन, अरुलाई सहयोग गर्नुपर्ने, सुमधुर सम्बन्ध कायम गर्नुपर्ने, सबैसँग असल व्यवहार गर्नुपर्ने जस्ता विभिन्न खालका २३ वटा प्रतिक्रियाहरू प्राप्त भएका थिए । जसबाट प्राप्त प्रतिक्रियाहरू अनुसूची ८ मा उल्लेख गरिएको छ ।

अनुसूचीमा २३ वटा प्रतिक्रिया उल्लेख गरिएको छ । उक्त प्रतिक्रियाहरू मध्ये नियमित विद्यालय आउने, समयमा विद्यालय आउनुपर्ने, सम्पूर्ण नियम पालना गर्नुपर्ने र अनैतिक क्रियाकलाप गर्न नपाउने प्रतिक्रिया ४१ जनाले दिएको पाइयो । त्यस्तै जिम्मेवारी वाडफाँड गर्नुपर्ने, अरुलाई सहयोग गर्नुपर्ने, सम्पूर्ण क्रियाकलापमा सहभागी हुनुपर्ने र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नुपर्ने प्रतिक्रिया ३६ जनाले दिएको पाइयो । अनुशासनमा बस्नुपर्ने, विद्यालयद्वारा निषेध गरिएको क्रियाकलाप गर्न नहुने र विद्यालयमा हातहतियार सहित प्रवेश गर्न नपाउने प्रतिक्रिया २३ जनाले दिएको पाइयो भने सामाजिक कार्यमा सक्रिय सहभागी हुनुपर्ने र केटाहरूले अनिवार्य कपाल काट्नु पर्ने प्रतिक्रिया ३ जनाले मात्र दिएको पाइयो । यसरी भिभिन्न सूचनादाताहरूले दिएको प्रतित्रियाहरूको आधारमा अनुसूचीमा उल्लेख गरिएको सम्पूर्ण प्रतिक्रियाहरू शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिताहरू हुन भन्न सकिन्छ ।

यहाँ उल्लेख गरिएको शिक्षक विद्यार्थीका आचारसंहिता शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिसँग खुल्ला प्रश्नावली प्र.अ. र विद्यालय व्यवस्थापन समितिको अध्ययनसँग खुल्ला अन्तर्वार्ता र प्रश्नावली भर्ने विद्यार्थीहरू मधयेबाट छनौट गरिएका विद्यार्थीसँग लक्षित समूह छलफल सञ्चालन गरी प्राप्त गरिएको प्रतिक्रियाहरू हुन । यस्ता आचारसंहिताहरू लोकतान्त्रिक प्रजातन्त्रको

मूल्यमान्यता अनुरूप कार्यान्वयन योग्य, व्यवहारिक, सामाजिक न्याय प्रदान गर्न सक्ने, मैत्रीपूर्ण वातावरण निर्माण गर्न सक्ने, समझदार, सद्चरित्र, सद्भावको विकास गराउन सक्ने, आपसी मेलमिलापको भावना विकास गराउन सक्ने खालको हुनुपर्दछ । जसले समय, परिस्थिति र राजनीतिक परिवर्तनका माग अनुरूप आवश्यक दक्ष र असल नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउन सकोस् भन्ने प्रतिक्रिया प्राप्त भएको थियो ।

विद्यालयले विद्यालय परिवारका सम्पूर्ण सदस्यहरूलाई असल नागरिक उत्पादन गर्न विभिन्न खालका आचारसंहिताहरू निर्माण गरेर परिचालन गरेको पाइयो । ती आचारसंहिताहरू विद्यार्थी र शिक्षकलाई स्वतन्त्रता प्रदान गर्न सक्ने पनि हुन सक्छन् र स्वतन्त्रताको परिधि निर्धारण गर्न सक्ने खालका पनि हुन सक्छन् । यी दुई स्वरूप मध्ये जस्तो भए पनि विद्यालयले निर्माण गरेको आचारसंहिता विद्यालय परिवार सबैले पालना गर्नुपर्ने विद्यालयका नियमहरू हुन् । स्वतन्त्रता प्रदान गर्न सक्ने खालका आचारसंहिताहरू नागरिक शिक्षा प्रदान गर्ने स्वीकारात्मक प्रक्रियासँग सम्बन्धि गर्न सकिन्छ भने स्वतन्त्रताको परिधि निर्धारण गर्न सक्ने खालका आचारसंहिताहरू नागरिक शिक्षा प्रदान गर्ने दमनात्मक प्रक्रियासँग सम्बन्धित गराउन सकिन्छ ।

### ४.१.३ आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू

विद्यालयले शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता भनि विभिन्न खालका नियमहरू निर्माण गरेको हुन्छ । ती नियमहरू कार्यान्वयन योग्य, व्यवहारिक र समसामयिक बनाउनको लागि के कस्तो कुराहरूमा ध्यान पुऱ्याउन आवश्यक छ भन्ने उद्देश्यले शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिसँग खुल्ला प्रश्नावली, प्र.अ. र विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग अन्तर्वार्ता र प्रश्नावली भरेका विद्यार्थीबाटै छनोट गरिएको विद्यार्थीसँग छलफल सञ्चालन गर्दा समाज र राष्ट्रको आवश्यकता, सामाजिक मूल्यमान्यताहरू, नेपालको विभिन्न ऐन, नियम र कानुनहरू, विद्यार्थीहरूको रुची, चाहना र आवश्यक्ता, शिक्षाको राष्ट्रिष्य नीति कार्यनीतिहरू, राज्यको नीति र कार्यनीतिहरू, शिक्षाको अन्तर्राष्ट्रिय नीति, र नियमहरू, शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरू जस्ता प्रतिक्रिया प्राप्त भएको थियो । उक्त प्रतित्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.३**

**आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया**

| क स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क्र. स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | समाज र राष्ट्रको आवश्यकता | | ४ | नेपालको नियम र कानुनहरू | २१ |
| | सामाजिक मूल्यमान्यताहरू | १२ | ५ | शिक्षाको अन्तर्राष्ट्रिय नीति,नियमहरू | २३ |
| | | ११ | | शिक्षाको राष्ट्रिष्य नीति कार्यनीतिहरू | २५ |
| २ | राज्यको नीति र कार्यनीतिहरू | | ६ | शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरू | २ |
| | | | ७ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | २९ | ८ | विद्यार्थीको रुची,चाहना र आवश्याक्ता | ५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकामा उल्लेख गरिएको प्रतिक्रियाहरू सम्पूर्ण सूचनादाताबाट प्राप्त भएको सूचानाहरू हुन । आचारसंहिता निर्माण गर्दा समाज र राष्ट्रको आवश्यकतालाई ध्यान दिनुपनुपर्छ भन्ने १२ जना पाइयो । सामाजिक मूल्यमान्यताहरू ध्यान दिनुपनुपर्छ भन्ने ११ जना पाइयो । राज्यको नीति र कार्यनीतिहरू ध्यान दिनुपनुपर्छ भन्ने २९ जना पाइयो । नेपालको नियम र कानुनहरू ध्यान दिनुपनुपर्छ भन्ने २१ जना पाइयो । शिक्षाको अन्तर्राष्ट्रिय नीति र नियमहरू ध्यान दिनुपनुपर्छ भन्ने २३ जना पाइयो । शिक्षाको राष्ट्रिष्य नीति र कार्यनीतिहरूलाई ध्यान दिनुपनुपर्छ भन्ने २५ जना पाइयो । विद्यार्थीको रुची,चाहना र आवश्याक्ता ध्यान दिनुपनुपर्छ भन्ने ५ जना पाइयो भने शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरू ध्यान दिनुपनुपर्छ भन्ने २ जना मात्र पाइयो ।

यसरी प्राप्त भएको प्रतिक्रियाहरूको आधारमा विद्यार्थी अनुकूलका आचारसंहिताहरू निर्माण गर्नुपर्छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यसै गरी राष्ट्र र समाजको आवश्कयता, मूल्य, मान्यता शिक्षाको तहगत र राष्ट्रिय उद्देश्य, नेपालको विभिन्न ऐन, नियमहरूको आधारमा विद्यालयले आफ्नो आचारसंहिताहरू निर्माण गर्नुपर्दछ । जसले शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरू पुरा गर्न, विभिन्न ऐन, नियमद्वारा निर्धारित क्रियाकलापहरू गर्न सहयोग गर्दछ भन्ने कुराप्रति सचेत रहनु पनि नागरिक शिक्षा हो भन्न सकिन्छ ।

## ४.२ नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरू

राष्ट्रले प्रत्येक व्यक्तिलाई सक्षम र दक्ष नागरिक उत्पादन गर्नको लागि विभिन्न खालका शिक्षाको राष्ट्रिय उद्देश्य, विषयगत उद्देश्य, कक्षागत उद्देश्य र विषयगतहरू पुरा गर्नको लाीग विद्यालयले आफ्नो वातावरण अनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक र पाठयांश अन्तर्गत विभिन्न खालका विषयवस्तुहरू निर्धारण गरी कार्यान्वयन गरेको हुन्छ । यसै सन्दर्भमा वर्तमान अवस्थामा विद्यालयले कार्यान्वयन गरेको पाठ्यक्रम र पाठ्यांश अन्तर्गतका विषयवस्तुहरू पत्ता लगाउने उद्देश्यले विभिन्न साधनहरू निर्माण गरी सूचना संकलन गरिएको थियो । उक्त सूचनाहरूलाई साङ्केतिकरण, तालिकीकरण, सामुहिकरण, वर्गीकरण र सँगठन गरी निम्न अनुसार व्याख्या गरिएको छ :

### ४.२.१ विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू

नागरिक शिक्षा प्रदान गर्न विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुको बारेमा शिक्षक, विद्यार्थी, प्र.अ. र स्रोत व्यक्तिबाट सूचना संकलन गरिएको थियो । विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई यस बारे राम्रोसँग थाहा हुँदैन भन्ने मान्यताले प्रश्न सोधिएको थिएन ।

विद्यार्थीलाई विद्यालयमा पढाइ भइरहेको विषय र सहयोग गर्ने क्षेत्र मात्र सोधिएको थियो भने शिक्षकलाई आफूले पढाउने विषय, विषय अन्तर्गतका पाठहरू र तिनीहरूले नगारिक शिक्षा प्रदान गर्न सहयोग गर्ने क्षेत्र सहित सोधिएको थियो । प्र.अ. र स्रोत व्यक्तिलाई नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्ने विषयवस्तुहरू के कस्तो होला भनि सोधिएको थियो । अन्त्यमा विद्यार्थीसँग लक्षित समूह छलफल गरी निष्कर्ष निकालिएको थियो । यसरी विभिन्न तरिकाले लिइएको प्रतिक्रियाहरूलाई विश्वासनिय तुल्याउनको लागि कक्षा ९ र १० का पाठ्यक्रम अध्ययन गरी प्रतिक्रियाको अन्तिम निचोड निकालिएको छ । उक्त प्रतिक्रियाहरू अनुसूची ९ मा उल्लेख गरिएको छ ।

अनुसूचीको अध्ययन अनुसार विद्यालयमा पढाइ भइरहेको विभिन्न  विषयवस्तुहरू मध्ये नेपाली, गणित,सामाजिक अध्ययन, स्वस्थ्य जनसंख्य तथा वाताबरण, अर्थशास्त्र, अंग्रेजी, विज्ञान जस्ता पाठ्यांश अन्तरगत कर्तव्य, भिखारी, हाम्रो देश हाम्रो अतिथि, जयभोली, न्यायको पक्ष, ऐकिक नियम, हाम्रो रीतिरिवाज र कलाधर्म निरेपक्षता, वर्तमान संविधानको विशेषता, मनव अधिकार, साँस्कृतिक सम्पदाहरू, प्राकृतिक, प्रकोप, कृषि उत्पादन, जस्ता विषयवस्तुहरूले नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्छ भन्ने प्रतिक्रिया प्राप्त भएको थियो ।

तोकिएको सूचनादाताहरूसँग औपचारिक र अनौपचारिक रूपमा छलफल गर्दा विद्यालयमा व्यवस्था गरिएको हरेक पाठ्यांश र विषयवस्तुले विद्यार्थीलाई कुनै न कुनै क्षेत्रमा सक्षम र दक्ष बनाउने प्रयास गरिरहेको हुन्छ । कुनै न कुनै क्षेत्रमा दक्ष र सक्षम हुनु भनेको असल नागरिकको गुण विकास हुनु हो । तसर्थ विद्यालयमा व्यवस्था गरिएको सम्पूर्ण विषयवस्तुहरूले नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेको हुन्छ भन्ने प्रतिक्रिया प्राप्त भएको थियो ।

नागरिक शिक्षाले आफ्नो कर्तव्यप्रति सचेत गराउँछ । समयको उचित व्यवस्थापन र प्रयोग गर्ने सीप प्रदान गर्छ । सामाजिक न्याय प्रति सचेत गराउँछ । प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने चेतना प्रदान गर्छ । समानता र स्वतन्त्रता प्रदान  गर्छ । कला, साहित्य र संस्कृतिको संरक्षण सम्बर्द्धन गर्न सहयोग गर्छ । दैनिक जीवनमा आवश्यक विभिन्न कुराहरूको जानकारीमा आवश्यक विभिन्न कुराहरूको जानकारी प्रदान गर्छ । माथि तालिकामा उल्लेख गरिएको प्रतिक्रियाहरू यही कुरासँग मिल्दो जुल्दो भएकोले पनि उल्लेखित विषयवस्तुहरूले नागरिक शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउँछ भन्न सकिन्छ ।

### ४.२.२ पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू

विद्यालयको पाठ्यांश र पाठ्यपुस्तकमा तोकिएको विषयवस्तु सहित विद्यालयमा भएको सम्पूर्ण वातावरणलाई पाठ्यक्रम भनिन्छ । विद्यलायको पाठयांशमा नतोकिएको तर कार्यान्वयन भइरहेको विभिन्न खालका विषयवस्तुहरू हुन्छन् । यस्ता विषयवस्तुहरू विद्यालय वातावरणमा देख्न पनि सकिन्छ र नदेख्न पनि सकिन्छ तर विद्यालयको शैक्षणिक कार्यक्रमलाई प्रत्यक्ष र

अप्रत्यक्ष सहयोग पुऱ्याइरहेको हुन्छ । यस्ता विभिन्न खालका विषयवस्तुहरूले नागरिक शिक्षा प्रदान गर्न सहयाग पुऱ्याएको हुन्छ । तसर्थ पाठ्यांशमा नतोकिएको तर विद्यालय वातावरणको पाठ्यक्रममा भएको विषयवस्तुहरू के कस्तो होला भनि सूचनादाता सबैसँग प्रतिक्रिया लिइएको थियो । उक्त प्रश्नबाट प्राप्त प्रतिक्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.४**

**पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयबस्तुहरू सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया**

| क.स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क.स | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | अनुशासन | ४४ | ५ | अतिरिक्त क्रियाकलाप | ४४ |
| २ | सहभागिता | ३३ | ६ | दैनिक प्राथना | ३३ |
| ३ | खेलकूद | ३३ | ७ | समयको पालना र प्रयोग | ११ |
| ४ | सरसफाइ | २२ | ८ | कर्तब्य पालना | ३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

प्राप्त प्रतिक्रियाको आधारमा विद्यालयको पाठ्यक्रममा भएको विषयवस्तुहरू मध्ये तालिकामा उल्लेख गरिएको विषयवस्तुहरू शिक्षक, विद्यार्थी लगायत सम्पूर्ण विद्यालय परिवारले कार्यान्वयन र अनुभव गरिरहेका विषयवस्तुहरू हुन भन्न सकिन्छ किन भने यहाँ उल्लेख गरिएको प्रतिक्रियाहरू अनुशासन र अतिरिक्त क्रियाकलाप ४४ जना सूचनादाताबाट प्राप्त भएको थियो । त्यस्तै सहभागिता, खेलकूद र दैनिक प्राथना ३३ जना सूचनादाताबाट प्राप्त भएको थियो । सरसफाइ २२ जना सूचनादाताबाट प्राप्त भएको थियो । समयको पालना र प्रयोग ११ जना सूचनादाताबाट प्राप्त भएको थियो भने कर्तब्य पालना ३ जना सूचनादाताबाट मात्र प्राप्त भएको थियो भन्ने कुरा तालिकाले स्पष्ट गरेको छ ।

सूचनादाताहरू औपचारिक र अनौपचारिक रूपमा खुल्ला अन्तर्वार्ता र छलफल गर्दा पनि अनुशासन, दैनिक प्राथना, पोशाक, अतिरिक्त क्रियाकलाप, सरसफाइ, कर्तव्य पालना, खेलकूद

समयको पालना र प्रयोग जस्ता विषयवस्तुहरू विद्यालयका गहनाहरू हुन्, यी गहनाहरूको अनुपस्थितिमा विद्यालय कुरूप देखिन्छ भन्ने प्रतिक्रिया प्राप्त भएको थियो । उक्त प्रतिक्रिया अनुसार शिक्षक र विद्यार्थीको गहना अनुशासन हो र अनुशासन विनाको शिक्षक र विद्यार्थी असल नागरिकमा गन्न सकिँदैन भन्ने कुरा प्राप्त भएका थियो । अनुशासनको व्यक्तिको सम्पूर्ण मानवीय गुणको विकास गर्छ । विद्यालयमा भएको सम्पूर्ण विषयवस्तु अन्तर्गतका क्रियाकलापहरू पनि अनुशासन बाटै निर्देशित हुन्छ भन्ने कुरा प्राप्त भएको थियो । तसर्थ अनुशासनलाई विद्यालयको महत्त्वपूर्ण विषयवस्तुको रूपमा लिन सकिन्छ ।

प्राप्त प्रतिक्रिया अनुसार दैनिक प्राथना विद्यालयको अर्को विषयवस्तु हुन् । प्राथना अन्तर्गत दैनिक १० बजे विद्यालय प्राङ्गनमा लाइन बस्नु पर्ने राष्ट्रिय गान, सरस्वतीको गीत र कक्षागत गीतहरू गाउनुपर्ने प्रतिक्रिया प्राप्त भएको थियो । त्यस्तै अतिरिक्त क्रियाकलाप र खेलकूद जस्ता विषयवस्तु अन्तर्गत कथा प्रदर्शन । हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता फुटबल, भलिबल प्रतियोगिता दौड प्रतियोगिता, चेस प्रतियोगिता, घैटो फुटाउने प्रतियोगिता जस्ता विभिन्न क्रियाकलाहरू सञ्चालन जस्ता विभिन्न क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीलाई सुजनात्मक, कलात्मक र शारीरिक रूपमा फूर्तिलो बनाउन सकिने भएकोले यी प्रतिक्रियाहरू विद्यालयको पाठ्यक्रम र विषयवस्तुहरू हुन् भन्न सकिन्छ । समयको पालना र प्रयोग अन्तर्गत विद्यालय जाने, विद्यालयमा रहने, प्रत्येक घण्टी कक्षामा पढ्ने, पढाउने, खाजा खाने, खेल्ने, विद्यालयबाट घर फर्किने जस्ता विभिन्न क्रियाकलापहरू हुन्छन्, जसले गर्दा समयको पालना र प्रयोग पनि विद्यालय वातावरणको पाठ्यक्रम र विषयवस्तुहरू हुन् । सरसफाइ अन्तर्गत नङ काट्ने, कपाल काट्ने, कोर्ने, बाट्ने, दाँत माज्ने, सफा पोशाक लगाएर विद्यालय जानुपर्ने, कक्षाकोठा सफा गर्नुपर्ने, विद्यालय वरिपरि फोहोर गर्न नपाइने जसता विभिन्न क्रियाकलापहरू गरिन्छ । त्यस्तै कर्तव्य पालना अन्तर्गत शिक्षक र विद्यार्थीको आ-आफ्नो क्षेत्रमा विभिन्न खालका नियम पालना देखि लिएर विषयवस्तुको प्रयोग, विभिन्न क्रियाकलापहरू गर्नुपर्ने आफ्नो कर्तव्य भएकोले यो पनि विद्यालयको पाठ्यक्रम अन्तर्गतका विषयवस्तुहरू हुन भन्न सकिन्छ ।

यसरी प्राप्त भएको प्रतिक्रियाहरूको अध्ययन सहित व्याख्या गर्दा कति विषयवस्तुहरू पूर्व साहित्यको समीक्षासँग मेल खान गएकोले पनि यहाँ उल्लेख गरिएको विद्यालय वातावरणको पाठ्यक्रम र विषयवस्तुहरू नागरिक चेतना प्रदान गर्ने विषयवस्तुहरू हुन भन्न सकिन्छ ।

### ४.२.३ नागरिक शिक्षा प्रदान गर्न विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू

नागरिक शिक्षा प्रदान गर्न विद्यालयमा के कस्तो विषयवस्तुहरूको व्यवस्था गर्न आवश्यक छ भन्ने बारेमा सरोकारवालाहरूको मनोभावना बुझ्ने उद्देश्यले तोकिएको साधनमा विभिन्न प्रश्नहरू समावेश गरी नमूना छनौटमा परेको सबै सूचनादाताहरूसँग प्रतिक्रिया लिइएको थियो । यसरी लिइएको प्रतिक्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ ।

## तालिका नं.४.५

## विद्यालयले जोड दिनुपर्ने विषयवस्तुहरू सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया

| क स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क स | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | गणित | ११ | १२ | कला, साहित्य, सँगीत | १० |
| २ | नेपाली | २१ | १३ | प्रारम्भिक बालविकास | १८ |
| ३ | भूगोल | ६ | १४ | वेतवास शिल्प शिक्षा | १६ |
| ४ | इतिहास | ८ | १५ | वस्त्र सिलाइ, बुनाइ | ५ |
| ५ | जनसंख्या | ३ | १६ | व्यवसायिक शिक्षा | ३९ |
| ६ | गृहविज्ञान | १४ | १७ | वातावरण विज्ञान | ७ |
| ७ | कृषि शिक्षा | २ | १८ | औद्यागिक शिक्षा | ६ |
| ८ | सामाजिक | २ | १९ | प्राविधिक शिक्षा | ३९ |
| ९ | योग शिक्षा | ९ | २० | खाद्य विज्ञान | ५ |
| १० | नीतिशास्त्र | ४ | २१ | वास्तुकला,हस्तकला | २० |
| ११ | नैतिक शिक्षा | २ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

यहाँ उल्लेख गरिएको प्रतिक्रिया अनुसार नागरिक शिक्षा प्रदान गर्न विद्यालयल प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनु पर्ने कुरो ३९ जनाले बताएका थिए भने नैतिक शिक्षा, सामाजिक अध्ययन र कृषि विज्ञानमा जोड दिनु पर्ने कुरो २ जनाले मात्र बताएका थिए । यसको आधारमा नागरिक शिक्षा प्रदान गर्न विद्यालयले सबै भन्दा बढी जोड दिनुपर्ने विषयवसतुहरू व्यवसायिक शिक्षा र प्राविधिक शिक्षा हुन् भन्न सकिन्छ ।

यहाँ उल्लेख गरिएको प्रतिक्रियाहरू अध्ययन गर्दा व्यवसायिक र प्राविधिक शिक्षाको व्यवस्था गर्नुपर्ने प्रतिक्रिया धेरैबाट प्राप्त भएको छ । उक्त प्रतिक्रियाको आधारमा विद्यार्थीलाई आवश्यक ज्ञानका साथै सीप पनि प्रदान गर्न सक्ने विषयवस्तुहरू नागरिक शिक्षामा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ । यसमा समावेश गरिएको विषयवस्तुहरू पढेर भन्दा गरेर प्रर्दशन गर्न सकिने खालको व्यवसायिक रूपमा सञ्चालन गरेर दैनिक जीवन धान्न सकिने खालको, हुनुपर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । सूचनादाताहरूसँग औपचारिक र अनौपचारिक रूपमा छलफल गर्दा विद्यार्थीहरूले अरुलाई सम्मान, सत्कार गर्नु मात्र नागरिक शिक्षा नभएर श्रम, सीप, पेशा र व्यवसायप्रतिको सम्मान र सत्कार पनि नागरिक शिक्षा हो भन्ने प्रतिक्रिया दिएका थिए । नेपाल

राष्ट्रको महत्त्वपूर्ण राष्ट्रिय विशेषता कृषि उत्पादन हो । यसको विकासको लागि वैज्ञानिक तरिकाले कृषि गर्न सिकाउने विषयवस्तुहरू पनि नागरिक शिक्षामा समावेश गर्नुपर्ने कुरा प्राप्त भएको छ ।

यसरी व्यक्तिको दैनिक जीवनमा जे जति आवश्यक कला, ज्ञान, सीप, क्षमता, दक्षता, सम्मान, सत्कार, माया, प्रेम, शान्ती जस्ता महत्त्वपूर्ण कुराहरू प्रति सचेत गराइ दक्ष जनशक्ति उत्पादन गर्ने खालको सम्पूर्ण विषयवस्तुहरूमा नागरिक शिक्षाले जोड दिनुपर्छ र मात्र प्रत्येक नागरिक असल बन्न सक्छ ।

### ४.२.४ नागरिक शिक्षा सम्बन्धी विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपाय

नागरिक शिक्षा प्रदान गर्न व्यवस्था गरिएको पाठ्यांश र विषयवस्तुहरू कसरी प्रभावकारी बिनाउन सकिन्छ ? भनि शिक्षक, विद्यार्थी, प्र.अ., स्रोत व्यक्ति र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट सूचना संकलन गरिएको थियो । उक्त सूचना सामुहिकरण र वर्गीकरण गरी १३ वटा प्रतिक्रियाहरू सँगठन गरिएको छ । सँगठित प्रतिक्रियाहरू अनुसूची १० मा एललेख गरिएको छ । विद्यालयमा व्यवस्था गरिएको पाठ्यांश र विषयवस्तुहरू दैनिक जीवनसँग सम्बन्धित गराउन सके प्रभाबकारी बन्न सक्छ भन्ने प्रतिक्रिया २१ जनाले दिएका थिए । त्यस्तै पर्याप्त अभ्यास गराउने खालको विषयवस्तु समावेश गर्नुपर्छ भन्ने प्रतिक्रिया १९ जनाले दिएका थिए भने विद्यार्थीको रुची र चाहना अनुकूल विषयवस्तुहरू बनाउनु पर्छ भन्ने प्रतिक्रिया १ जनाले मात्र दिएका थिए ।

प्राप्त प्रतिक्रिया अनुसार पाठ्यांश र पाठ्यांश अन्तर्गतका विषयवस्तुहरू विद्यार्थीको रुची चाहना अनुकूल निर्माण गर्ने, पाठ्यांशमा प्रयोगात्मक, दैनिक जीवनसँग सम्बन्धित र स्व-क्रियाकलापमूखी पाठहरू समावेश गर्ने । पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रीकरण गरी स्थानीय स्तरमा पाठ्यक्रम र पाठ्यांश अन्तर्गतका सम्पूर्ण विषयवस्तुहरू रोजगार र व्यवसायमूलक बनाउने जस्ता उल्लेखित प्रतिक्रियाहरूको आधारमा पाठयक्रम र पाठ्यांश अन्तर्गतका विषयवस्तुहरू निर्धारण गर्न सके नागरिक शिक्षा सम्बन्धी पाठ्यक्रम र पाठ्यांश अन्तर्गतका विषयवस्तुहरू प्रभावकारी बनाउन सकिने प्रतिक्रिया प्राप्त भएको छ ।

पाठ्यक्रम र पाठ्यांश अन्तर्गतका विषयवस्तुहरू विद्यार्थीको रुचीपूर्ण बनाउन सके नागरिक शिक्षाका विषयवस्तुले विद्यार्थीलाई सन्तुष्टी प्रदान गर्न सक्छ । विषयवस्तुले विद्यार्थीलाई सन्तुष्टी प्रदान गर्न सके पाठ्यक्रम र विषयवस्तुहरूको उद्देश्य सहज रूपमा पूरा गर्न सहयोग पुग्छ । विषयवस्तुमा प्रयोगात्मक पाठहरू समावेश गरी स्व-क्रियाकलापमूखी बनाउनु पाठयक्रम र पाठ्यांश अन्तर्गतका विषयवस्तुलाई प्रभावकारी बनाउने अर्को उपाय हो । यो प्रतिक्रिया अनुसार पाठ्यांशका विषयवस्तुहरूले विद्यार्थीलाई प्रवस्तै अभ्यास र प्रयोग गर्ने अवसरहरू प्रदान गर्नुपर्दछ, जसले विद्यार्थी आफ्नो विषयवस्तुमा दक्ष र सक्षमताका साथ विशिष्ट बन्न सहयोग

पुऱ्याउँछ । पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रीकरण गरी स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्नु अर्को उपाय हो । यो प्रतिक्रिया अनुसार विद्यार्थीको आफ्नै परिवेश र वातावरण अनुकूल स्थानीय स्तरको रुची, चाहना र आवश्यकताहरूको आधारमा विषयवस्तुहरू निर्माण गर्न सके ती विषयवस्तुहरूले प्रदान गर्ने ज्ञान, सीप र धारणा विद्यार्थीले सजिलैसँग ग्रहण र अनुभव गर्न सक्छ । जसले गर्दा नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरू प्रभावकारी हुन सक्छ ।

## ४.३ विद्यालयमा भइरहेका क्रियाकलापहरू

विद्यालयको क्रियाकलापमा प्रत्यक्ष संलग्न रहने व्यक्ति, शिक्षक र विद्यार्थीहरू हुन् । शिक्षक, विद्यार्थी र विद्यालयको पाठ्यक्रमबीच भइरहेको गतिविधि र अन्तरक्रिया नै विद्यालयमा भइरहेको क्रियाकलापहरू हुन् । विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्ता क्रियाकलाप सञ्चालन गरिरहेको छ भन्ने अनुन्धान प्रश्नका साथ विभिन्न साधनहरूको निर्माण गरी शिक्षक, विद्यार्थी, लगायत तोकिएको सूचनादाताबाट विभिन्न सूचनाहरू संकलन गरिएको थियो । प्राप्त सूचनाहरू साङ्केतिकरण, सामुहिकरण, वर्गीकरण र सँगठन गरी निम्न अनुसार व्याख्या गरिएको छ :

### ४.३.१ कक्षाभित्रका क्रियाकलाप

कक्षाकोठामा शिक्षक, विद्यार्थी र पाठ्यक्रमबीच हुने सम्पूर्ण गतिविधिहरूलाई कक्षा भित्रका क्रियाकलाप भनिन्छ । विद्यार्थीलाई असल नागरिक उत्पादन गर्नको लागि विद्यालयले कक्षाभित्र के कस्तो क्रियाकलाप सञ्चालन गरेको छ भन्ने प्रश्नका साथ विभिन्न साधनहरू निर्माण गरी शिक्षक, विद्यार्थी र प्र.अ.बाट विभिन्न सूचनाहरू संकलन गरिएको थियो । कक्षाभित्र सञ्चालन गरिने क्रियाकलापहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र स्रोतव्यक्तिलाई राम्रोसँग थाहा हुँदैन भन्ने मान्यताले स्रोतव्यक्तिको प्रश्नावली र अध्यक्षको अन्तरर्वार्तामा यो प्रश्न समावेश गरिएको थिएन । सम्बन्धित सूचनादाताबाट प्राप्त प्रतिक्रियाहरू निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.६**

**कक्षाभित्रका क्रियाकलाप सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया**

| क स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क स | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | शिक्षण सिकाइ | २८ | ५ | प्राथनाको साथ कक्षागीत गायन | १० |
| २ | कक्षाकोठा सरसफाइ | २१ | ६ | शिक्षकलाई स्वागत क्रियाकलाप | २ |
| ३ | कक्षाकोठा व्यवस्थापन | ८ | ७ | छलफल अन्तरक्रिया | १८ |
| ४ | कक्षाकोठा सजावट | ५ | ८ | प्रयोगात्मक विषयको अभ्यास | १३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

यहाँ तालिकाको अध्ययन अनुसार विद्यालको कक्षाकोठाभित्र क्रियाकलाप शिक्षण सिकाइ भनि प्रतिक्रिया दिने २८ जना थिए भने शिक्षकलाई कक्षामा स्वागत क्रियाकलाप भनि प्रतिक्रिया दिने २ जना मात्र थिए । यसरी नै कक्षाकोभित्र प्राथनाको साथ कक्षागीत गायन, शिक्षक विद्यार्थीबीच छलफल अन्तरक्रिया, प्रयोगात्मक विषयको अभ्यास, कक्षाकोठा सरसफाइ, कक्षाकोठा व्यवस्थापन र सजावट जस्ता क्रियाकलापहरू भइरहेको स्पष्ट हुन्छ । तसर्थ यी प्रतिक्रियाहरूलाई विद्यार्थीलई असल नागरिक उत्पादन गर्न विद्यालयले सञ्चालन गरिरहेको क्रियाकलाप हो भन्न सकिन्छ ।

औपचारिक र अनौपचारिक रूपमा शिक्षक, विद्यार्थी र प्र.अ. सँग छलफल गर्दा पनि प्रत्येक बिहान १० बजे विद्यालयको सम्पूर्ण क्रियाकलाप सुरु हुने सूचना घण्टी लाग्ने गरेको प्रतिक्रियाबाट भएको थियो । त्यसपछि प्राथनाको लागि लाइन बस्ने, कक्षाकोठा प्रवेश गर्ने र कक्षाकोठामा कक्षागीत गायनबाट कक्षाकोठाको क्रियाकलापहरू सुरु हुने कुरा प्राप्त भएको थियो । शिक्षकहरू कक्षामा प्रवेश गर्ने सूचना घण्टी बजेपछि प्रत्येक शिक्षक आ-आफ्नो कक्षामा जाने र विद्यार्थीहरूले उठेर स्वागत गर्ने, नमस्कार गर्ने र शिक्षक विद्यार्थी बीच सम्बन्धित विषयवस्तुको बारेमा छलफल अन्तरक्रियाको साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने, विद्यार्थीले नबुझेको कुरा सोध्ने, शिक्षकले स्पष्ट बुझाई दिने जस्ता विभिन्न क्रियाकलापहरू प्रत्येक घण्टीमा दोहोरिने कुराहरू प्राप्त भएको थियो । त्यस्तै विज्ञान, पूर्वव्यवसायिक, गणित जस्ता विभिन्न विषयहरूको प्रयोगात्मक गणित अभ्यास गर्नु पर्ने भएकोले सम्बन्धित विषयको सम्बन्धित घण्टीमा विद्यार्थीहरूलाई साना साना समूहमा विभाजन गरी शिक्षकको निर्देशनमा प्रयोगात्मक अभ्यास गर्नुपर्ने, प्रयोगात्मक विषय अन्तर्गत चित्रकला मार्फत निर्माण गरिएका सामग्रीहरू कक्षाकोठाको भित्तामा टास्नु पर्ने र हस्तकला मार्फत निर्माण गरिएको सामग्रीहरू कक्षाकोठा अगाडि भागमा सुरक्षित साथ सजाएर राख्नुपर्ने, कक्षाकोठामा भएको डेस्क, बेञ्च, कुर्सीहरू सुरक्षित साथ विद्यार्थीलाई उपयुक्त लागेको ठाउँ र दिशामा व्यवस्थापन गर्नुपर्ने, कक्षाकोठा सरसफाइको लागि विद्यार्थीहरूको विभिन्न समूह निर्माण गरेको र विद्यालय छुट्टी भएको सूचना घण्टी लागेपछि विद्यार्थीहरूले आ-आफ्नो पालोमा कक्षाकोठामा सफा गर्ने गरेको प्रतिक्रिया प्राप्त भएको थियो ।

यसरी छलफल र विभिन्न साधनहरूबाट प्राप्त प्रतिक्रियाको आधारमा पनि तालिकामा उल्लेख गरिएको सूचनाहरू विद्यालयमा भइरहेको क्रियाकलापहरू हुन भन्न सकिन्छ । यस्ता क्रियाकलापहरूले विद्यार्थीलाई आफ्नो कर्तव्य पालना गर्न, सामुहिक कार्यमा सम्लग्न रहन, आरुलाई सम्मान, सत्कार गर्न, छलफल र अन्तरक्रियामा अर्थपूर्ण सहभागीता जनाउन, विभिन्न सृजनात्मक र कलात्मक कार्यमा संलग्न रहने प्रेरणा प्रदान गर्दछ । जसले गर्दा कक्षाभित्र सञ्चालन गरिएको सम्पूर्ण क्रियाकलापहरूले विद्यार्थीलाई नागरिक शिक्षा प्रदान गरी भविष्यमा असल नागरिक बन्न सहयोग पुऱ्याउँछ ।

### ४.३.२ कक्षा बाहिरका क्रियाकलापहरू

विद्यालय वातावरणको पाठ्यक्रम अन्तर्गत कक्षाकोठा भन्दा बाहिर विद्यलाय परिसरमा सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरूलाई कक्षा बाहिरका क्रियाकलाप अन्तर्गत समावेश गरिएको छ। विद्यालयको कक्षा बाहिर सञ्चालन गरिएको के कस्तो क्रियाकलापहरूले नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्छ भन्ने कुरा खोजी गर्ने उद्देश्यका साथ तोकिएको साधन मार्फत शिक्षक, विद्यार्थी लगायत तोकिएको सूचनादाताबाट सूचना संकलन गरिएको थियो । सम्पूर्ण सूचनादाताबाट प्राप्त सूचनाहरू सामुहिकरण, वर्गीकरण र सँगठन गरी निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.४.७**

**विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले कक्षा बाहिर सञ्चालन गरेको क्रियाकलापहरू सम्बन्धी सूचनादाताहरूको प्रतिक्रिया**

| क स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क.स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>४<br>५<br>६<br>७<br>८<br>९<br>१०<br>११<br>१२<br>१३ | नाटक लेखन र प्रर्दशन<br>पुस्तकालय प्रयोग<br>चुनावी नमूना प्रदर्शन<br>विभिन्न सीप प्रदर्शन<br>कथाकविता वाचन<br>शारीरिक व्यायम<br>सरसफाइ कार्यक्रम<br>समान सहभागिता<br>शैक्षिक भ्रमण<br>खेलकूद<br>दैनिक सरसफाइ<br>सदन वाँडफाँड<br>सीप प्रदर्शन | ९<br>११<br>३<br>१<br>३<br>४<br>२१<br>१९<br>१२<br>१७<br>१३<br>२<br>१ | १४<br>१५<br>१६<br>१७<br>१८<br>१९<br>२०<br>२१<br>२२<br>२३<br>२४<br>२५<br>२६ | विद्यालय भर्ना र स्वागत कार्यक्रम<br>फूलवारी निर्माण र गोडमेल<br>दोहोरी गीत प्रतियोगिता<br>निवन्ध लेखन प्रतियोगिता<br>पुरस्कार वितरण कार्यक्रम<br>हाजिरी जवाफ प्रतियोगित<br>वृक्षारोपन क्रियाकलाप<br>भवन उद्घाटन कार्यक्रम<br>अतिरिक्त क्रियाकलापहरू<br>वादविवाद प्रतियोगिता<br>हिज्जे प्रतियोगिता<br>लोकनृत्य प्रतियोगिता<br>चित्रकला प्रतियोगिता | ३<br>६<br>३<br>२०<br>५<br>९<br>११<br>१०<br>११<br>४<br>७<br>५<br>६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

प्राप्त प्रतिक्रियाको आधारमा विद्यालयको कक्षा बाहिर गरिने क्रियाकलाप सरसफाइ कार्यक्रम हो भन्ने २१ जना पाइयो । त्यस्तै पुरस्कार वितरण भन्ने २० जना पाइयो । समान सहभागिता

भन्ने १९ जना पाइयो भने विभिन्न सीप प्रदर्शन भन्ने १ जना मात्र पाइयो । यसरी तालिकामा उल्लेख गरिएको क्रियाकलापहरूको माध्यमद्वारा विद्यार्थीलाई नागरिक शिक्षा प्रदान गर्न सकिन्छ ।

सूचनादाताहरूसँग अन्तर्वार्ता र छलफल गर्दा नागरिक शिक्षासँग सम्बन्धित क्रियाकलापहरू समय र परिस्थिति अनुकूल, अनुकरण योग्य, समाजमा पाच्य उदाहरण दिन योग्य, विद्यार्थीको सकारात्मक भावनाको विकास गराउन सक्ने खालको, विद्यार्थीलाई आफ्नो कर्तव्यतर्फ मागदर्शन गराउने खालको र दैनिक जीवनसँग सम्बन्धित हुनुपर्छ । यस्ता क्रियाकलापहरू प्रेरणात्मक, चेतनामूलक, रोचक, मनोरञ्जनात्मक, सृजनात्मक, कलात्मक र जिज्ञासु हुनुपर्छ भन्ने कुरा प्राप्त भएको थियो ।

सदन बाडफाँड गर्ने कार्यले विद्यार्थीहरू विभिन्न समूहमा विभाजन भइ सामुहिक कार्य गर्नुपर्छ भन्ने चेतना प्रदान गर्दछ । शैक्षिक भ्रमणले विद्यार्थीलाई विभिन्न विषयवस्तुहरूको अवलोकनद्वारा विभिन्न क्रियाकलापहरूको ज्ञान प्रदान गर्छ । कविता गीत, नाटक, निबन्ध लेखन प्रस्तुतिकरण र प्रदर्शन जस्ता क्रियाकलाहरूले विद्यार्थीको अन्तरनिहित कला र प्रतिभाको प्रस्फुटन गर्न सहयोग गर्छ । यस्ता क्रियाकलापहरूले विद्यार्थीलाई समाजमा उदाहरणीय बनाउन सहयोग पुऱ्याउँछ । जसले विद्यार्थीलाई जोश, जागर र हौसला प्रदान गरी राष्ट्रको असल नागरिक बन्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

### ४.३.३ विद्यालयले गर्नुपर्ने क्रियाकलापहरू

नागरिक शिक्षा प्रदान गर्न विद्यालयले के कस्तो क्रियाकलापहरू सुधार गर्नुपर्ने भन्ने अनुसन्धान प्रश्नलाई विभिन्न साधनमा समावेश गरी शिक्षक, विद्यार्थी लगायत तोकिएको सूचनादाता सबै प्रतिक्रिया संकलन गरिएको थियो । जसबाट प्राप्त प्रतिक्रियाहरू अनुसूची ११ मा प्रस्तुत गरिएको छ ।

विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले नियम विपरित गरिएका कार्यहरू, कक्षामा पढाई हुँदा हल्ला गर्ने, कक्षाकोठाको अगाडिको बेञ्चमा पालैपालो वस्नु नपाउने, विद्यलायले उपलब्ध गराउने पाठ्यपुस्तकहरू समयमै उपलब्ध नगराउने, नबुझिएको कुरा कक्षामा शिक्षकलाई **नसोध्ने जस्ता अनुसूचीमा उल्लेख गरिएको क्रियाकलापहरू सुधार गर्नु पर्ने** प्रतिक्रियाहरू प्राप्त भएको छ । यसको आधारमा अनुसूचीमा उल्लेख गरिएको प्रतिक्रियाहरू नागरिक शिक्षा प्रदान गर्न विद्यालयले सुधार गर्नुपर्ने क्रियाकलापहरू हुन् भन्न सकिन्छ ।

सूचनादातासँग छलफल र अन्तर्वार्ता गर्दा पनि विद्यालय परिषरमा धुम्रपान, मध्यपान गर्न नपाउँने, शिक्षकहरू विना सूचना अनुपस्थिपति रहनु नपाउने, छात्रहरूले समान सहभागी हुनुपर्ने, परीक्षामा चिट चोर्न नपाउने जस्ता विभिन्न क्रियाकलापहरू विद्यालयद्वारा निशेध गरिएका क्रियाकलापहरू हुन भन्ने प्रतिक्रिया प्राप्त भएको थियौ । विद्यार्थीलाई शारीरिक दण्ड

दिन नपाउने विद्यालय वरिपरि, फूलवारी, बगैचामा फोहोर गर्न नपाउने कक्षामा पढाइ हुँदा हल्ला गर्न नपाउने, कक्षामा पढाउँदा नबुझिएको कुरा कक्षामा शिक्षकलाई सोध्नुपर्ने जस्ता विभिन्न नियमहरू विद्यालयले बनाएको छ तर यस्ता क्रियाकलापहरू पूर्णरूपमा कार्यान्वयन नभएकाले यी क्रियाकलापहरू सुधार गर्नुपर्ने प्रतिक्रिया प्राप्त भएको थियो ।

कक्षाकोठामा जो विद्यार्थी पढाइमा अलि अगाडि छ त्यही विद्यार्थी मात्र अगाडिको बेञ्चमा बस्ने गरेको, अरू विद्यार्थी बसेमा यो मेरो ठाउँ त्यो मेरो ठाउँ भन्ने गरेको प्रतिक्रियाका साथ अगाडिको बेञ्चमा पालै पालो बस्न पाउने व्यवस्था गर्नुपर्ने प्रतिक्रिया प्राप्त भएको थियो । हाल विद्यालयको कक्षा १० सम्म निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने तर समयमा विद्यालयमा लगाएर वितरण नगर्नाले विद्यालयको पठनपाठन लगाएर वितरण नगर्नाले विद्यायलको पठनपाठनमा अवरोध पुग्ने भएकोले विद्यालयमा उपलब्ध हुने पाठ्यपुस्तक समयमा नै वितरण गर्नुपर्छ भन्ने प्रतिक्रिया भएको थियो । यसी प्राप्त प्रतिक्रियाहरूको आधारमा नागरिक शिक्षाका लागि तालिकामा उल्लेख गरिएको क्रियाकलापहरू सुधार गर्न आवश्यक छ भन्न सकिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

विभिन्न साधनहरूको निर्माण गरी तोकिएको सूचनादाताबाट संकलन गरिएको सूचनाहरूलाई विश्लेषण र व्याख्या गरी विभिन्न प्राप्ति, निष्कर्ष र सुझावहरू निकालिएको छ । उक्त प्राप्ति, निष्कर्ष र सुझावहरू उद्देश्यको आधारमा निम्न अनुसार उल्लेख गरिएको छ ।

## ५.१ मुख्य प्राप्तिहरू

अध्ययन अनुसन्धान कार्यमा विभिन्न मान्यता वा सिद्धान्तहरूको विश्लेषण विवेचना र संलेषण पछि प्राप्त हुने नतिजालाई प्राप्ति भनिन्छ । यस अध्ययनको प्राप्तिहरूलाई निम्न उपशीर्षक अन्तर्गत बुँदागत रूपमा उल्लेख गरिएको छ ।

### ५.१.१ नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू

- विद्यालयमा भएको सम्पूर्ण नियमहरूलाई विद्यालयको आचारसंहिता भनिएको पाइयो । विद्यार्थीलाई असल बनाउने खालका सम्पूर्ण नियमहरू नागरिक शिक्षा सम्बन्धी नियमहरू हुन भनिएको छ ।
- विद्यलायमा भएको कुनै आचारसंहिता शिक्षकले मात्र पालना गर्नुपर्ने, कुनै विद्यार्थीले मात्र र कुनै शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने खालको पाइयो ।
- शिक्षकले भनेको मान्नुपर्ने, पढाइमा ध्यान दिनु पर्ने, नबुझेको कुरा सोध्नुपर्ने, अनिवार्य गृहकार्य गर्नुपर्ने, कक्षा मनिटरलाई नसोधि कक्षाभित्र र बाहिर गर्न नपाइने नियमहरू विद्यार्थीले मात्र पालना गर्नुपर्ने पाइयो ।
- प्र.अ.को मातहतमा बस्नुपर्ने पेशाप्रति बफादार रहनु पर्ने, विद्यार्थीको मनोविज्ञानको आधारमा शिक्षण गर्नुपर्ने, निर्धारित पाठ्यक्रम सयय मै पढाएर सक्नुपर्ने, प्रत्येक पाठको पाठयोजना बनाउनुपर्ने, विद्यार्थी केन्द्रित विधि प्रयोग गर्नुपर्ने, बालमैत्री वातावरण तयार गर्नुपर्ने, पाठ्यक्रममले निर्धारण गरेको विषयवस्तुहरू अध्यापन गर्नुपर्ने जस्ता विभिन्न नियमहरू शिक्षकले मात्र पालना गर्नुपर्ने पाइयो ।
- नियमित विद्यालय आउनुपर्ने, समयमा विद्यालय आउनुपर्ने, निर्धारित समयसम्म विद्यालयमा रहनुपर्ने, जिम्मेवारी बाँडफाँड गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको सूरक्षा गर्नुपर्ने र विद्यालयको सम्पूर्ण क्रियाकलापमा सक्रिय सहभागित हुनुपर्ने, हातहतियार सहित विद्यालय आउन नपाउने, विद्यालयद्वारा निरोध गरिएको क्रियाकलापहरू गर्न नपाउने जस्ता विभिन्न नियमहरू शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने पाइयो ।

- समाज र राष्ट्रको आवश्यकता, सामाजिक मूल्यमान्यताहरू, नेपालको विभिन्न ऐन, नियम र कानुनहरू, शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरू, राजयको नीति र कार्यनीतिहरू, विद्यार्थीको रुची, चाहना र आवश्यकताको आधारमा विद्यालयले आफ्नो आचारसंहिता निर्माण गर्नुपर्ने पाइयो ।

- विद्यालयले निर्माण गरेको आचारसंहिताहरू कार्यान्वयन योग्य, शिक्षक र विद्यार्थीहरूको व्यवहारमा परिवर्तन गरी उज्जवल भविष्य निर्माण गर्न योग्य हुनुपर्ने पाइयो ।

- नागरिक शिक्षा प्रदान गर्न निर्माण गरिएको नियमहरू नातावाद, क्रिपावाद रहित, जातीय र वर्गीय विभेद अन्त्य गर्ने खालको, समाजका विभिन्न विकृतिहरू हताउन सक्ने खालको हुनुपर्ने प्रतिक्रिया पाइयो ।

### ५.१.२ नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुसम्बन्धी प्राप्ति

- विद्यालयको वातावरणलाई पाठ्यक्रम भनिएको पाइयो ।

- नागरिक शिक्षाविषय ऐच्छिकमा राखिएको तर विद्यालयमा पढाइ नभएको पाइयो ।

- विद्यार्थीलाई असल, दक्ष, सक्षम र प्रतिभावान बनाउन सक्ने सम्पूर्ण पाठ्यक्रम र विषयवस्तुहरूलाई नागरिक शिक्षासम्बन्धी पाठ्यक्रम र विषयवस्तुहरू भनिएको पाइयो ।

- विद्यालयमा पढाइ भइरहेको पाठ्यांशहरू मध्ये नेपाली, गणित, सामाजिक अध्ययन विज्ञान, अर्थशास्त्र, अंग्रेजी, स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाले नागरिक शिक्षा प्रदान गर्न प्रत्यक्ष सहयोग गरिरहेको पाइयो ।

- नेपाली पाठ्यांश अन्तर्गतका कर्तव्य, जयभोली, न्यायको पक्ष, हाम्रो देश हाम्रो अतिथि, भिखारी जस्ता विषयवस्तुहरूले नागरिक शिक्षासँग सम्बन्धित भएको पाइयो ।

- गणित पाठ्यांश अन्तरगतका ऐकिक नियम, विज्ञान अन्तगतका प्राकृतिक प्रको अर्थशास्त्र अन्तर्गतका कृषि उत्पादन र सामाजिक अध्ययन अन्तर्गतका हाम्रो रीतिरिवाज र कला, धर्म निरपेक्षता, वर्तमान संविधानको विशेषता सांस्कृतिक सम्पदाहरू र मानव अधिकार जस्ता विषयवस्तुहरूले नागरिक शिक्षा प्रदान गरिएको पाइयो ।

- विद्यालयमा भएको सम्पूर्ण पाठ्यक्रम र विषयवस्तुहरूले प्रत्यक्ष र अप्रत्यक्ष जुन रूपमा भए पनि नागरिक शिक्षा प्रदान गरिरहेको प्रतिक्रिया पाइयो ।

- विद्यालय वातावरणको पाठ्यक्रममा पाठ्यांश बाहेक अनुसन्धान, दैनिक प्राथना, पोशाक, समयको पालना र प्रयोग, अतिरिक्त क्रियाकलाप, सरसफाइ र कर्तव्यपालना जस्ता विभिन्न विषयवस्तुहरू भएको प्रतिक्रिया पाइयो ।

- नागरिक शिक्षा प्रदान गर्न विद्यालयले कला, साहित्य, संगीत, कृषि, शिक्षा खाद्य विज्ञान, गृहविज्ञान, वातावरण, विज्ञान, वेतवास शिल्प शिक्षा, योग शिक्षा, प्राविधिक र व्यवसायिक शिक्षा जस्ता विषयवस्तुहरूमा जोड दिनुपर्ने प्रतिक्रिया पाइयो । नागरिक शिक्षासम्बन्धी पाठ्यक्रम र विषयवस्तुहरू विद्यार्थीको रुची र चाहना अनुकूल बनाएर, प्रयोगात्मक पाठहरू समावेश गरेर, विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित गराएर, पर्याप्त अभ्यास गराउने खालको विषयवस्तुहरू समावेश गरेर, पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रीकरण गरेर, ठाउँ विशेषता अनुकूलका विषयवस्तुहरू समावेश गरेर, समय अनुकूल पाठ्यांश र विषयवस्तुहरू परिमार्जन र संशोधन गरेर प्रभावकारी बनाउन सकिने प्रतिक्रिया पाइयो ।

### ५.१.३ क्रियाकलाप सम्बन्धी प्राप्तिहरू

- विद्यालयमा सञ्चालन गरिएका राम्रा, चेतना मूलक र ज्ञानबर्द्धक सम्पूर्ण क्रियाकलापहरू नागरिक शिक्षासँग सम्बन्धित भएको पाइयो ।

- विद्यालयका पाठ्यक्रम र विषयवस्तु अन्तर्गत गरिने सम्पूर्ण क्रियाकलापहरूले असल नगारिक बन्न सहयोग गरेको पाइयो ।

- नेतृत्व प्रदान, चन्दा, दान, दक्षिणा प्रदान, विभिन्न संघसंस्थाको स्थापना र संघसंस्थामा सहभागिता, सार्वजनिक सम्पत्तिको सुरक्षा, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, जिम्मेवार व्यक्तिलाई सम्मान, सत्कार गर्नु जस्ता विभिन्न क्रियाकलापहरू असल नागरिकसँग सम्बन्धित भएको पाइयो ।

- छलफल, अन्तरक्रिया, सफल व्यक्तिको जीवन अध्ययन, भ्रमण, अवलोकन, कथा कविता लेखन प्रस्तुत नाटक लेखन, प्रर्दशन जसता प्रक्रियाद्वारा नागरिक शिक्षासम्बन्धी क्रियाकलापहरू सिकाउन सकिएको पाइयो ।

- नागरिक शिक्षासँग सम्बन्धित क्रियाकलापहरूको विद्यालयको कक्षा भित्र र बाहिर जहाँसुकै सञ्चालन गर्न सकिने प्रतिक्रिया पाइयो ।

- प्राथनाका साथ कक्षागीत गायन, शिक्षकलाई कक्षाकोठामा स्वागत क्रियाकलाप, शिक्षक विद्यार्थीबीच छलफल अन्तरक्रिया प्रयोगात्मक विषयको अभ्यास, शिक्षण सिकाइ

क्रियाकलाप, कक्षा सरसफाइ, कक्षाकोठा व्यवस्थापन र सजावत जस्ता क्रियाकलापहरू कक्षाकोठा भित्रका भएको पाइयो ।

- खेलकूद, सदन बाँडफाँड, शैक्षिक भ्रमण विभिन्न प्रतियोगिता, वृक्षरोपन, विभिन्न सीपप्रदर्शन, छात्रवृत्ति बाँडफाँड पुरस्कार वितरण, पुस्तकालय प्रयोग, भवन उद्घाटन, विद्यार्थी भर्ना र स्वागत कार्यक्रम सञ्चालन जस्ता क्रियाकलापहरू विद्यालय बाहिर भएको पाइयो ।
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयमा प्रेरणात्मक, रचनात्मक, सृजनात्मक अनुकरणयोग्य, सकारात्मक, समाजमा पाच्य, उदाहरणीय र चेतनामूलक क्रियाकलापमा जोड दिनु पर्ने प्रतिक्रिया पाइयो ।
- नियम विपरित गरिने क्रियाकलाप, शिक्षकले कक्षाकोठामा अध्यापन गर्दा विद्यार्थीले नबुझेका कुरा नसोध्ने, विद्यालय वरिपरि, फूलवारी बगैचामा फोहोर गर्ने, विद्यार्थीलाई शारीरिक दण्ड दिने, जस्ता क्रियाकलापहरू सुधार गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

## ५.२ निष्कर्षहरू

सूचना वा तथ्याङ्कको संकलन, विश्लेषण र व्याख्या पछि त्यस बाट निकालिएको अन्तिम निचोडलाई निष्कर्ष भनिन्छ । सूचनाहरूको संश्लेषण, विश्लेषण र व्याख्याबाट प्राप्त निष्कर्षलाई निम्न अनुसार उल्लेख गरिएको छ :

असल नागरिक बन्नको लागि आवश्यक सम्पूर्ण ज्ञान, सीप र क्षमता प्रदान गर्ने शिक्षा नै नागरिक शिक्षा हो भन्न सकिन्छ । आफ्ना अधिकार र कर्तव्यप्रति सुसूचित, नागरिक मूल्य मान्यताप्रति प्रतिबद्ध, असल खरावको विश्लेषणात्मक समीक्षा गर्नु नागरिक शिक्षाको उद्देश्य हो भन्न सकिन्छ । विद्यालयमा शिक्षक र विद्यार्थीको गुणहरू, आचारसंहिता र क्रियाकलाप जसता मूल्य मान्यताहरू रहेको पाइन्छ ।

सूचनाहरूबाट प्राप्त प्रतिक्रियाहरूको आधारमा विद्यालयमा शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने सम्पूर्ण नियमहरूलाई आचारसंहिता भनिन्छ । यस्ता आचारसंहिताहरू कुनै शिक्षकले मात्र पालना गर्नुपर्ने, कुनै विद्यार्थीले मात्र पालना गर्नुपर्ने र कुनै शिक्षक विद्यार्थी दुवैले पालना गर्नुपर्ने खालका हुन्छ । शिक्षक विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिताहरू कुनै विद्यालय आफैले निर्माण गरेको हुन्छ भने कुनै शिक्षा ऐन, नियममै उल्लेख भएको हुन्छ । यस्ता नियम वा आचारसंहिताहरू छलफल, अन्तरक्रिया, कानुनविद्हरूको सल्लाह, राज्यको नीति र कार्यनीतिको अध्ययन, शिक्षाविद् तथा वुद्धिजीविहरूको सल्लाह, सुझावद्वारा निर्माण गर्न सकिन्छ । जसले जसरी निर्माण गरे पनि विद्यालयको सम्पूर्ण आचारसंहिताहरू असल नागरिक बन्न र असल नागरिकको भूमिका निर्वाह गर्न सहयोग पुऱ्याउने खालको हुन्छन् । विद्यालयको आचारसंहिताले

शिक्षक र विद्यार्थीलाई समानता र स्वतन्त्रता प्रदान गर्न सक्ने खालका पनि हुन सक्छन र स्वतन्त्रताको परिधिहरू निर्धारण गर्न सक्ने खालका पनि हुन सक्छन् । सूचनादाताबाट प्राप्त प्रतिक्रिया अनुसार नागरिक शिक्षा प्रदान गर्न निर्माण गरिएको नियमहरू नातावाद र क्रिपावाद रहित, जातीय र वर्गीय विभेदको अन्त्य गर्न सक्ने र सामाजिक विकृतिहरू हटाउन सक्ने खालका हुनुपर्छ । यस्ता नियमहरू कार्यान्वयनयोग्य, सुधारोन्मूख र व्यवहारिक हुनुपर्ने निष्कर्ष प्राप्त भएको छ ।

प्राप्त प्रतिक्रियाको आधारमा विद्यालयमा भएका सम्पूर्ण पाठ्यक्रम र विषयवस्तुहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नागकिर शिक्षा प्रदान गर्न सहयोग गरिरहेको हुन्छ । विद्यार्थीको रुची, चाहना र आवश्यकताको आधारमा निर्माण गरिएको पाठ्यक्रम र विषयवस्तुहरू सम्बन्धित हुन्छन् । नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरूले विद्यार्थीलाई सक्षम, दक्ष र योग्य  बनाउछ । यस्ता विषयवस्तुहरू प्रयोगात्मक, व्यवसायिक र जीवन धान्न सिकाउने खालका हुन्छन् । विद्यालयमा पढाइ भइरहेको पाठ्यांशहरू मध्ये नेपाली, अंग्रेजी, विज्ञान, गणित, साामाजिक अध्ययन, अर्थशास्त्र र स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाले नागरिक शिक्षा प्रदान गर्न प्रत्यक्ष सहयोग गरिरहेको हुन्छ । विद्यालयमा भएको सम्पूर्ण विषयवस्तुहरूलाई विद्यालय वातावरणको पाठ्यक्रमले समावेश गरेको हुन्छ । नागरिक शिक्षा प्रदान गर्न निर्माण गरिएको विषयवस्तुहरू बढीभन्दा बढी प्रयोगात्मक हुन्छन् । व्यउावसायिक र रोजगारमूखी हुन्छन् । यसका लागि औद्योगिक शिक्षा, कृषि शिक्षा, कला, साहित्य संगीत, मान्यता जस्ता विषयहरूमा जोड दिनुपर्ने हुन्छ भन्ने प्रतिक्रिया प्राप्त भएको छ । नागरिक शिक्षासँग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरू प्रभावकारी बनाउनको लाीग पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रीकरण गरेर स्थानीय स्तरको आवश्यकता, सामाजिक समूल्यमान्यताहरू जस्ता विषयवस्तुहरूलाई समावेश गर्न सकिन्छ । दैनिक जीवनसँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्न सकिने समाजमै अभ्यास गराउन सकिने खालका विषयवस्तुहरू समावेश गर्न सकिन्छ । यस्ता विषय वस्तुहरूले समय र परिस्थिति अनुकूल विद्यार्थीलाई असल नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउँछ भन्ने निष्कर्ष निकालिएको छ ।

जाड रक्सी नखाने, झैझगडा नगर्ने, धेरे अधययन गर्ने, अरुको कुरा ध्यान सुन्ने, सबैलाई पाच्य व्यवहार गर्ने, अरुलाई सम्मान, सत्कार गर्ने जस्ता क्रियाकलापहरू असल नागरिकसँग सम्बन्धित क्रियाकलापहरू हुन भनि समाजले मान्यता दिएको पाइएको छ । औपचारिक रूपमा यस्ता क्रियाकलापहरू सञ्चालन गर्ने संस्था विद्यालय हो । विद्यालये नागरिक शिक्षासँग सम्बनिधत क्रियाकलापहरू विद्यालयको कक्षाबाहिर र भित्र दुवै ठाउँमा सञ्चालन गर्ने गरेको पाइएको छ । प्राथना कार्य, शिक्षकलाई कक्षाकोठमा स्वागत क्रियाकलाप शिक्षण सिकाइ क्रियाकलाप नियमित कक्षा सरसफाइ, कक्षाकोठा व्यवस्थापन र सजावट जसता क्रियाकलापहरू कक्षाभित्र सञ्चालन गरिएको क्रियाकलापहरू हुन भने छात्रवृत्ति वितरण, पुरस्कार वितरण, विद्यालय वरिपरि

सरसफाइ, विभिन्न प्रतियोगिता, शैक्षिक भ्रमण जस्ता विभिन्न क्रियाकलापहरू कक्षा बाहिरका सञ्चालन गरिएका क्रियाकलापहरू हुन जसले नागरिक शिक्षा प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ भन्ने प्रतिक्रिया प्राप्त भएको छ । प्रतिक्रियादाताहरूले यस्ता क्रियाकलापहरू उदाहरण दिएर, प्रदर्शन गर्न लगाएर छलफल अन्तरर्क्रिया गराएर, सफल व्यक्तिको जीवन अध्ययन गर्न लगाएर सिकाउन सकिने कुरा स्पष्ट गरेका छन् । नागरिक शिक्षासँग सम्बन्धि क्रियाकलापहरूले विद्यार्थीलाई असल बन्ने प्रेरणा र हौसला प्रदान गर्दछ, यस्ता क्रियाकलापहरू अनुकरणयोग्य, उदाहरणीय, रचनात्मक र सृजनात्मक हुनुपर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

## ५.३ सुझावहरू

अनुसनधानका लागि थप आवश्यक मानिएको विषयवस्तुहरूलाई सुझाव भनिन्छ । विद्यलायमा नगारिक शिक्षा प्रदान गर्न समानतान र स्वतन्त्रता प्रदान गर्न सक्ने खालका आचारसंहिताहरू निर्माण गर्नुपर्ने देखिन्छ :

- विद्यालयको आचारसंहिताहरू जातीय र वर्गीय विभदेको अन्त्य गर्ने खालको हुनुपर्छ ।
- विद्यालयमा सामाजिक विकृति हटाइ सामाजिक न्याय प्रदान गर्न सक्ने नीति, नियमहरू निर्माण गर्नुपर्छ ।
- सामाजिक एकता, सद्भाव र समझदारिताको विकास गर्न सक्ने खालका नीतिहरू निर्माण गर्न आवश्यक देखिन्छ ।
- विद्यालयमा नातावाद र क्रिपावाद रहित नियम बनाउन आवश्यक देखिन्छ ।
- विद्यार्थीहरूलाई सक्रिय, सृजनात्मक, रचनात्मकता तर्फ प्रेरित गर्ने नियमहरू निर्माण गर्नुपर्छ ।
- विद्यालयमा आचारसंहिताहरू शिक्षाको राष्ट्रिय नीति र उद्देश्य अनुरूप हुनुपर्ने देखिन्छ ।
- विद्यालयको आचारसंहिताहरू लचिलो, व्यवहारिक र कार्यमूलक बनाउनु पर्छ ।
- विद्यालय तहमा नागरिक शिक्षा विषयको छुट्टै पाठ्यांशको व्यवस्था गर्नुपर्ने आवश्यक देखिन्छ ।
- नागरिक शिक्षाको पाठ्यांशमा स्वावलम्बी र आत्मनिर्भर बनाउन सक्बने खालका विषयवस्तुहरू समावेश गर्न आवश्यक देखिन्छ ।
- असल नागरिकको भूमिका, कर्तव्य, अधिकार, जिम्मेवारी, उत्तरदायित्व जस्ता विषयवस्तुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- नागरिक शिक्षाको पाठ्यक्रममा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम विषयवस्तुहरू समावेश गर्न आवश्यक देखिन्छ ।

- सामुहिक र अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिन सक्ने खालका विषयवस्तुहरू समावेश गर्न आवश्यक देखिन्छ ।
- समय र परिस्थिति अनुसार नागरिक शिक्षाका पाठ्यक्रम र विषयवस्तुहरूलाई संशोधन र परिमार्जन गर्नुपर्ने देखिन्छ ।
- नागरिक शिक्षाको पाठ्यक्रमहरू रोजगारीमूलक, व्यवसायमूलक र पेशागत विषयवस्तुहरू समावेश गर्नुपर्ने देखिन्छ ।
- नयाँ नयाँ विज्ञान र प्रविधिहरूको ज्ञान हासिल गराउन सक्ने खालका विषयवस्तुहरूको व्यवस्था गर्न आवश्यक देखिन्छ ।
- सृजनाशील र जिज्ञासु विषयवस्तुहरूको व्यवस्था गर्न आवश्यक छ ।
- नागरिक शिक्षाको पाठ्यक्रममा समाजका सामाजिक मूल्यमान्ता अनुरूप, समय र परिस्थिति अनुकूलका क्रियाकलापहरू समावेश गर्न आवश्यक छ ।
- विद्यालयमा नागरिक शिक्षाको पाठ्यक्रम विषयवस्तु माफत चेतना मूलक, प्रेरणात्मक अनुकरण योग्य उदाहरणीय क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- असल नागरिकसँग सम्बन्धित क्रियाकलाप सिक्ने अरुको कुरा ध्यान दिएर सुन्नुपर्ने, उदाहरणीय क्रियाकलापहरू शूक्ष्म रूपमा अवलोकन गर्नुपर्ने, शैक्षिम भ्रमण गर्नुपर्ने, सामुहिक कार्यमा सहभागी हुनुपर्ने, असल व्यक्तिको जीवनीहरू अध्ययन गर्नुपर्ने देखिन्छ ।
- नागरिक शिक्षा प्रदान गर्न विद्यलायको कक्षाभित्रका सम्पूर्ण विद्यार्थीहरू समूहमा विभाजन गरेर जिम्मेवारी प्रदान गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


*अनौपचारिक शिक्षामा शान्ति मानव अधिकार र नागरिक शिक्षा,* (२०६७). सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

खनाल, पेशल (२०६६). *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमण्डौ : सनलाइट प्रकाशन ।

गौतम, रमेशप्रसाद (२०६६). *शैक्षिक सूचना केन्द्र संगालो,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

घिमिरे, पुरुषोक्तम (२०६७). *शैक्षिक स्मारिका,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

तिमिल्सिना, माधव प्रसाद (२०६६). *शिक्षा बार्षिक पत्रिका,* सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

*विशिष्टीरण तालिका* (२०६३). सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भट्टराई, प्रेम (२०६७). *साक्षारता विशेषङ्क,* सानोठिमी, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

भट्टराई, पौडेल र साथीहरु (२०६७). *अनौपचारिक शिक्षामा शान्ति, मानव अधिकर र नागरिक शिक्षा सम्वन्धी सहजकर्ता तालिम पुस्तिका,* सानोठिमी, भक्तपुर : अनौपचारिक विकास केन्द्र ।

मैनाली, गोपीनाथ (२०६६). *सोपान मासिक,* डिल्ली वजार, काठमाडौ : मकालु प्रकशन ।

शर्मा, गोपीनाथ (२०६६). *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु* (तेस्रो संस्करण) डिल्लीबजार काठमाण्डौ : मकालु प्रकाशन ।

श्रेष्ड र घिमिरे, लक्ष्मीप्रसाद, विश्वम्भर (२०५८). *नागरिक शास्त्र,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

Brody, R.A.(1994). *Secondary Education and Political Attitudes*. Calabasas: Center for Civic Education.

Everson, S. (ed.). (1988). *The Politics*. New York: Cambridge University Press.

Gautam, R.P. (2003). *Some glimpses of civic education* (1st ed.). Putalisadak Kathmandu: Quality Prints Private Limited.

Husen,T.& Postlethwaite, T.(editors) (1985) *The International Encyclopedia of Education*,second edition Vol.2. UK: Pergamon.

Husen,T.& Postlethwaite, T.(editors) (1995) *The International Encyclopedia of Education*,second edition Vol.2. UK: Pergamon.

Koirala, B.N and Acharya, S. (2002). *Reflecting on civic education in Nepa.* Dillibazar, Kathmandu: Nepal Cultural Association Building.

Phuyal, B.P. (2009). *Civic education and democracy in Nepal an Interrelationship Study 1959- 2006.* Unpublished thesis: Central Department of poltical science, Tribhuvan University, Kirtipur, Kathmandu.

Plato. (1997). *The Laws* (T. J. Saunders,Trans.). Indianapolis, IN: Hackett Publishing Co.

Rousseau, J.J. (1988). *The Social Contract* (M.Cranston, Trans.). New York: Viking Penguin.

*School Improvement in Maryland*. Available at http;//mdk12.org/index.htm

*Stanford Encyclopedia of Philosophy*. Available at http;//plato.standford.edu/

# अनुसूची १

**शिक्षकको लागि जिमार्ण गरिएको प्रश्नावली**

(क) **मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिकका विशेषताहरु के कस्तो हुन्छहोला ?

२ असल नागरिकको भूमिका निर्वाह गर्न र विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ ?

३ ती आचारसंहिताहरु कसरी निर्माण गर्न सक्छि होला ?

४ शिक्षक विद्यार्थीको आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

५ शिक्षक र विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

**ख विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू**

१ तपाईको विचारमा नागरिक शिक्षासंग सम्वन्धित बिषयवस्तुहरु के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरू समावेश गरिएका छन ?

३ तपाइले अध्यापन गर्ने बिषयको कुन पाठको कुन कुन विषयबस्तुले कसरी नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्छ होला ?

४ विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छहोला ?

५ नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरु कसरी प्रभावकारी बनाउन सकिन्छ ?

ग) **क्रियाकलापसम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन तपाइको विद्यालयले कक्षाकोठाभित्र र बाहिर के कस्तो क्रियाकलापहरू सञ्चालन गरेको छ ?

३ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु विद्यार्थीलाई कसरी सिकाउन सकिन्छ होला ?

४ असल नागरिक बन्न विद्यालयले कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

# अनुसूची २

**विद्यार्थीको लागि निमार्ण गरिएका प्रश्नावली**

(क) **मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ तिमीहरुको विचारमा असल नागरिकका विशेषताहरु के के हुन् ?

२ तिमीहरूले पालना गर्नुपर्ने विद्यालयको नियमहरू के के छ ?

३ तिम्रो विचारमा तिमीहरूले पालना गर्नु पर्ने विद्यालयको नियमहरू कस्तो हुनुपर्छ ?

४ ती नियमहरु कसरी निर्माण गर्न सक्छि होला ?

५ तिमीहरूले पालना गर्नु पर्ने नियमहरु निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

**ख विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू**

१ तिम्रो विचारमा नागरिक शिक्षासंग सम्वन्धित बिषयवस्तुहरु के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन तिमीहरुले पढनु पर्ने विद्यालयको पाठ्यक्रममा के कस्तो विषयवस्तुहरू समावेश गरिएका छन ?

३ तिमीहरुलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छहोला ?

४ नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरु कसरी प्रभावकारी बनाउन सकिन्छ होला ?

ग) **क्रियाकलापसम्बन्धी प्रश्न**

१ तिमीहरुको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको कक्षाभित्र र कक्षाबाहिर के कस्तो क्रियाकलापहरू सञ्चालन गरेको छ ?

३ असल नागरिकसँग सम्बन्धित क्रियाकलाप कसरी सिकाउनु हुन्छ ?

४ असल नागरिक बन्न विद्यालयमा कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

## अनुसूची ३

**सोत ब्यक्तिको लागि निमार्ण गरिएका प्रश्नावली**

**क मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिकको विशेषताहरु के के हुन ।

२ तपाइको विचारमा विद्यालयले शिक्षक र विद्यार्थीहरूको लागि के कस्तो आचारसंहिता निर्माण गरेको छ होला ?

३ यस्ता आचारसंहिताहरु कसरी निर्माण गर्न सक्न्छि होला ?

४ शिक्षक विद्यार्थीको आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

५ असल नागरिकहरु उत्पादन गर्नका लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

**ख विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू**

१ तपाईको विचारमा नागरिक शिक्षासंग सम्वन्धित बिषयवस्तुहरु के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरू समावेश गरिएका छन ?

३ विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छहोला ?

४ नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रमका विषयवस्तुहरु कसरी प्रभावकारी बनाउन सकिन्छ ?

**ग) क्रियाकलापसम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो क्रियाकलापहरू सञ्चालन गर्न सक्छ होला ?

३ असल नागरिकसँग सम्बन्धित क्रियाकलाप कसरी सिकाउन सकिन्छ होला ?

४ विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्छ होला ?

## अनुसूची ४

लक्षित समूह छलफलका लागि **जिमार्ण गरिएका** निर्देशिका

**(क) मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ असल नागरिकका विशेषताहरु के के हुन् ?

२ विद्यार्थीले पालना गर्नुपर्ने विद्यालयको नियमहरू के के छ ?

३ विद्यार्थीहरुले पालना गर्नु पर्ने विद्यालयको नियमहरू कस्तो हुनुपर्छ ?

४ ती नियमहरु कसरी निर्माण गर्न सक्न्छि होला ?

५ आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

**ख विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू**

१ नागरिक शिक्षासंग सम्वन्धित बिषयवस्तुहरु के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको पाठ्यक्रममा के कस्तो विषयवस्तुहरू समावेश गरिएका छन ?

३ असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छहोला ?

४ नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरु कसरी प्रभावकारी बनाउन सकिन्छ होला ?

**ग) क्रियाकलापसम्बन्धी प्रश्न**

१ असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको कक्षाभित्र र कक्षाबाहिर के कस्तो क्रियाकलापहरू सञ्चालन गरेको छ ?

३ असल नागरिकसँग सम्बन्धित क्रियाकलाप कसरी सिकाउनु हुन्छ ?

४ असल नागरिक बन्न विद्यालयमा कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

## अनुसूची ५

**प्रधानाध्यापकको लागि निमार्ण गरिएका अन्तरर्वाता निर्देशिका**

**(क) मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिकका विशेषताहरु के कस्तो हुन्छहोला ?

२ असल नागरिकको भूमिका निर्वाह गर्न र विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ ?

३ ती आचारसंहिताहरु कसरी निर्माण गर्न सक्न्छि होला ?

४ शिक्षक विद्यार्थीको आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

५ शिक्षक र विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

**ख विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू**

१ तपाईको विचारमा नागरिक शिक्षासंग सम्वन्धित विषयवस्तुहरु के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरू समावेश गरिएका छन ?

३ विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छ होला ?

४ नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरु कसरी प्रभावकारी बनाउन सकिन्छ ?

**ग) क्रियाकलापसम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन तपाइको विद्यालयले कक्षाकोठाभित्र र बाहिर के कस्तो क्रियाकलापहरू सञ्चालन गरेको छ ?

३ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू विद्यार्थीहरुलाई कसरी सिकाउन सकिन्छ होला ?

४ असल नागरिक बन्न विद्यालयले कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

# अनुसूची ६

## विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि जिमार्ण गरिएका अन्तरर्वाता निर्देशिका

**(क) मूल्यमान्यतासम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिकका विशेषताहरु के कस्तो हुन्छहोला ?

२ असल नागरिकको भूमिका निर्वाह गर्न र विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ जस्तो लाग्छ ?

३ यस्ता आचारसंहिताहरु कसरी निर्माण गर्दा राम्रो हुन्छ होला ?

४ शिक्षक र विद्यार्थीले पालना गर्ने आचारसंहिता निर्माण गर्दा के कस्तो कुराहरुमा ध्यान दिनु पर्छ होला ?

५ तपाईको विचारमा शिक्षक र विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

**ख विषयवस्तुसंग सम्बन्धित प्रश्नहरू**

१ तपाईको विचारमा नागरिक शिक्षासंग सम्वन्धित बिषयवस्तुहरु के के हुन ?

२ तपाईको विचारमा विद्यार्थीहरूलाई समाजको असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरू समावेश गर्न आवश्याक छन होला ?

३ तपाईको विचारमा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो विषयवस्तुहरूमा जोड दिनु पर्छहोला ?

४ तपाईको विचारमा नागरिक शिक्षासंग सम्बन्धित पाठ्यक्रम र विषयवस्तुहरु कसरी प्रभावकारी बनाउनसकिन्छ ?

**ग) क्रियाकलापसम्बन्धी प्रश्न**

१ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू के के हुन ?

२ विद्यार्थीहरूलाई असल नागरिक बनाउन तपाइको विचारमा विद्यालयले के कस्तो क्रियाकलापहरु सञ्चालन गरेको छ जस्तो लाग्छ ?

३ तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरू विद्यार्थीहरुलाई कसरी सिकाउन सकिन्छ होला ?

४ तपाईको विचारमा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला?

## अनुसूची ७

### शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धी सूचनादाताहरुको प्रतिक्रिया

| क्र सं. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | क्र. सं. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|---|---|
| १ | समयमा कक्षाकोठा प्रवेश गर्नुपर्ने | ४ | २० | शिक्षणमा देखिएको समस्या | |
| २ | प्र.अ. को मतहतमा बस्नुपर्ने | ३ | | समयमै माधान गर्नुपर्ने | १ |
| ३ | पेशाप्रति बफादार रहनु पर्ने | १ | २१ | विद्यालयले निर्धारण गरेको | |
| ४ | विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने | १ | | नियम पालना गर्नुपर्ने | ३ |
| ५ | निर्धारित पाठ्यक्रम समय मै सक्नुपर्ने | ५ | २२ | विना सूचना विद्यालयमा | |
| ६ | प्रत्येक पाठको पाठयोजना बनाउनुपर्ने | ८ | | अनुपस्थित हुन नपाइने | ४ |
| ७ | विद्यार्थीकेन्द्रित शिक्षण गर्नुपर्ने | १ | २३ | कक्षामा विद्यार्थी भए नभएको | |
| ८ | बालमैत्री वातावरण तयार गर्नुपन | ३ | | जानकारी राख्नु पर्ने | ४ |
| ९ | स्वीकृति लिएर मात्र विदामा बस्नुपर्ने | ६ | २४ | सामाजिक मूल्यमान्यताको | |
| १० | दिइएको जिम्मेवारी पूरा गर्नुपर्ने | १ | | जानकारी राख्नुपर्ने | १ |
| ११ | विद्यार्थीको समस्या पत्ता लगाउनु पर्ने | २ | २५ | बालमनोविज्ञानको आधारमा | |
| १२ | आफ्नो सम्पूर्ण जिम्मेवारी पुरा गर्नुपर्ने | १ | | शिक्षणग र्नुपर्ने | ८ |
| १३ | वार्षिक कार्ययोजना बनाउनुपर्ने | ७ | २६ | राजनीतिमा सक्रिय सहभागी | |
| १४ | पक्षपात पूर्ण व्यवहार गर्न नपाइने | १ | | हुन नपाइने | ११ |
| १५ | शिक्षण सामग्री निर्माण गर्नुपर्ने | ४ | २७ | विद्यार्थीको सिकाइ उपलब्धि | |
| १६ | सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न | | | मापन गर्नुपर्ने | १ |
| | नपाउने | ३ | २८ | व्यक्तिगत स्वार्थमा लालायित | |
| १७ | विभिन्न अतिरिक्त क्रियाकलाप | | | हुन नपाउने | १ |
| | सञ्चालन गर्नुपर्ने | २ | २९ | अनुकरण योग्य व्यवहार | |
| १८ | समय-समयमा विद्यार्थीलाई | | | प्रदर्शन गर्नुपर्ने | १ |
| | शैक्षिकभ्रमण गराउनुपर्ने | १ | ३० | विद्यालयले तोकेको पोशाक | |
| १९ | पाठ्यक्रमले निर्धारण गरेको | | | लगाउनुपर्ने | ३ |
| | विषयवस्तु पढाउनुपर्ने | ५ | | | |

## अनुसूची ८

### शिक्षक र विद्यार्थी दुबैले पालना गनुएपर्ने आचारसहिता सम्बन्धी सूचनादाताहरुको प्रतिक्रिया

| क्र. स. | प्राप्त प्रतिक्रिया | जम्मा ब्यक्ति | क्र. स. | प्राप्त प्रतिक्रिया | जम्मा ब्यक्ति |
|---|---|---|---|---|---|
| १ | नियमित विद्यालय आउने | ४१ | १५ | विद्यालयमा नियमित प्राथना गर्नुपन | १२ |
| २ | समयमा विद्यालय आउनुपर्ने | ४१ | १६ | सार्वजनिक सम्पत्तिको सुरक्षा | |
| ३ | अनुशासनमा बस्नुपर्ने | २३ | | गर्नुपर्ने | ३६ |
| ४ | झै-झगडा गर्न नहुने | १८ | १७ | विद्यालयको हित विपरित केही गर्न | |
| ५ | जिम्मेवारी वाडफाँड गर्नुपर्ने | ३६ | | नहुने | १३ |
| ६ | अनिवार्य र नङ काट्नुपर्ने | १५ | १८ | सम्पूर्ण क्रियाकलापमा सहभागी | |
| ७ | सबैसँग असल व्यवहार गर्नुपर्ने | १६ | | हुनुपर्ने | ३६ |
| ८ | सुमधुर सम्बन्ध कायम गर्नुपन | १९ | १९ | सामाजिक कार्यमा सक्रिय सहभागी | |
| ९ | अरुलाई सहयोग गर्नुपर्ने | ३६ | | हुनुपर्ने | ३ |
| १० | सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने | १७ | २० | निर्धारित समयसम्म विद्यालय र | |
| ११ | सम्पूर्ण नियम पालना गर्नुपर्ने | ४१ | | कक्षामा बस्नुपर्ने | २१ |
| १२ | कक्षाकोठाको सरसफाई गर्नुपर्ने | ११ | २१ | विद्यालयद्वारा निषेध गरिएको | |
| १३ | अनैतिक क्रियाकलाप गर्न | | | क्रियाकलाप गर्न नहुने | २३ |
| | नपाउने | ४१ | २२ | विद्यालयमा हातहतियार सहित | |
| १४ | केटाहरूले अनिवार्य कपाल | | | प्रवेश गर्न नपाउने | २३ |
| | काट्नुपने | ३ | २३ | मद्यपान र धुम्रपान गर्न नपाउने | २० |

# अनुसूची ९

## विद्यालयमा पढाइ भएको पाठ्यांश र विषयबस्तुहरु सम्बन्धी सूचनादाताहरुको प्रतिक्रिया

| क्र. सं | पाठ्यांश | विषय | सक्षम बनाउने क्षेत्र |
|---|---|---|---|
| १ | नेपाली | कर्तव्य | विद्यार्थीलाई आफ्नो कर्तव्य प्रति सचेत गराउँछ |
| | | जयभोली, | समयको उचित व्यवस्थान र प्रयोग गर्न सक्षम गराउँछ |
| | | न्यायको पक्ष, | सामाजिक न्याय प्रदान गर्छ |
| | | हाम्रो देश हाम्रो अतिथि, , | राष्ट्रको प्राकृतिक सम्पदाको संरक्षण संवर्द्धन र विकास गरी अन्तराष्ट्रिय स्तरमा चिनाउँदै राष्ट्रिय अस्तित्व जोगाउन सहयोग गर्छ |
| | | भिखारी | सच्चा भावनाले रोगी दीनदुःखी,गरिव र अशायलाई सेवा गर्न प्रेरित गर्छ । |
| २ | गणित | ऐकिक नियम | दैनिक जीवनमा प्रयोग गरिने नाफा, नोक्सान, प्रतिशत, व्याजसमबन्धी सक्षम बनाउँछ । |
| ३ | सामाजिक अध्ययन | हाम्रो रीतिरिवाज र कला | सजमाजिक संस्कार, संस्कृतिसँग परिचित गराउँदै कला, हस्तकला, मूर्तिकला, चित्रकला, वास्तुकलासम्बन्धी ज्ञान दिन्छ । |
| | | धर्म निरेपक्षता | धार्मिक विभेद अन्त्य गर्न सहयोग गर्छ । |
| | | वर्तमान संविधानको विशेषता | राज्यको कानुनको अध्ययन गर्दै त्यसमा व्यवस्था गरिएको विभिन्न, समानता, स्वतन्त्रता र अधिकारप्रति सचेत गराउन । |
| | | मनवअधिकार | मानवको अधिकार र जानकारी दिन र उत्तरदायित्व पूरा गर्न |
| | | साँस्कृतिक सम्पदाहरू | कला साहित्यको विकास, संरष्क्षण र सम्बर्द्धन गर्न सहयोग । |
| ४ | विज्ञान | प्राकृतिक, प्रकोप | पहिलो, बाढी, भूकम्प, ज्वालामुखी र सामुहिक आँधी जस्ता प्राकृतिक प्रकोपप्रति सचेत गराउन । |
| ५ | अर्थशास्त्र | कृषि उत्पादन | कृषिको महत्व, फाइदा, उत्पादन गर्ने तरिका भण्डारणसम्बन्धी ज्ञान प्रदान गर्छ । |
| ६ | अंग्रेजी | | अन्तर्राष्टिय भाषा सिकाउँछ । |

| | | | |
|---|---|---|---|
| ७ | स्वस्थ्य जनसंख्य तथा वाताबरण | | शरीरलाई स्वास्थ्य राख्न प्रजनन, स्वास्थ्य सम्बन्धी जानकारी गराउन र वातावरण संरक्षण, सम्बर्द्धन गर्न सक्षम बनाउँछ । |

# अनुसूची १०

**नागरिक शिक्षासम्न्धी पाठ्यक्रम र पाठ्यांश अन्तरगतका विषयवस्तुलाई प्रभावकारी बनाउने उपायसम्बन्धी सूचनादाताहरुको प्रतिक्रिया**

| क्र स. | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|
| १ | पर्याप्त अभ्यास गराउने खालको विषयवस्तु समावेश गर्ने | २१ |
| २ | विद्यार्थीको रुची र चाहना अनुकूल बनाउने | १९ |
| ३ | व्यवसायमूलक, रोजगारमूलक र व्यवसायिक बनाउने | १९ |
| ४ | ठाउँ विशेषता अनुकूल पाठ्यांशमा विषयवस्तुहरू समावेश गर्ने | १७ |
| ५ | समय अनुकूल पाठ्यांश र विषयवस्तुलाई परिमार्जन र संशोधन गर्ने | १३ |
| ६ | पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रकरण गर्ने | ११ |
| ७ | स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्ने | ८ |
| ८ | दैनिक जीवनका समस्या समाधानको स्रोतहरू उल्लेख गर्ने | ८ |
| ९ | पाठ्यक्रम निर्माण गर्नुअगाडि विद्यार्थीहरूको राय संकलन गर्ने | ६ |
| १० | पूर्वज्ञान, सीप, क्षमता र उमेरको आधारमा पाठ्यक्रम निर्माण गर्ने | ५ |
| ११ | स्व-क्रियाकलापमूखी बनाउने | ४ |
| १२ | प्रयोगात्मक पाठहरू समावेश गर्ने | ४ |
| १३ | दैनिक जीवनसँग सम्बन्धित गराउने | १ |

# अनुसूची ११

**नागरिक शिक्षा प्रदान गर्न विद्यालयले सुधार गर्नुपर्ने क्रियाकलाप सम्बन्धी सूचनादाताहरुको प्रतिक्रिया**

| क्र स. | प्राप्त प्रतिक्रिया | जम्मा ब्यक्ति |
|---|---|---|
| १ | नियम विपरित गरिएका कार्यहरु | २१ |
| २ | नबुझिएको कुरा कक्षामा शिक्षकलाई नसोध्ने | १९ |
| ३ | कक्षामा पढाई हुँदा हल्ला गर्ने | १९ |
| ४ | नमूना विद्यालयको अवलोकन भ्रमण नगराउने | १७ |
| ५ | विद्यालय वरिपरि, फूलवारी, वगैचामा फोहोर गर्ने | १३ |
| ६ | कक्षाकोठाको अगाडिको बेञ्चमा पालैपालो वस्नु नपाउनु | ११ |
| ७ | विद्यार्थीको निरन्तर मूल्याङ्कद्वारा कक्षा नचढाउने | ८ |
| ८ | विद्यार्थीलाई शारीरिक दण्ड दिने | ८ |
| ९ | विद्यलायले उपलब्ध गराउने पाठ्यपुस्तकहरू समयमै उपलब्ध नगराउने | ६ |

# अनुसूची १२

**प्रधानाध्यापकहरुको नामावली**

| क्र.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | धर्मोदय उच्च माध्यमिक विद्यालय, मारेक९ | कूलकेशर दाहाल | मरेक ९ |
| २ | सीतादेवी माध्यामिक विद्यालय, फाक्सिब ६ | गोपाल भण्डारी | धनकुटा ५ |

# अनुसूची १३

**शिक्षकहरुको नामावली**

| क्र. स. | धर्मोदय उच्च माध्यमिक विद्यालय | अध्यापन विषय | क्र.स. | सीतादेवी माध्यामिक विद्यालय | अध्यापन विषय |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | शुकराज राई | अंग्रेजी | ७ | देविका राई | अंग्रेजी |
| २ | तुलसीराम राइमाझी | सामाजिक | ८ | संकर पोखेल | शिक्षा |
| ३ | रामबहादुर राइमाझी | शिक्षा | ९ | खगेन्द्र श्रेष्ठ | गणित |
| ४ | बद्रीनाथ दाहाल | गणित | १० | साजन योगी | नेपाली |
| ५ | सुर्यबहादुर लिम्बु | विज्ञान | ११ | वेलबहादुर लिम्बु | विज्ञान. |
| ६ | धनबहादुर पौडेल | स्वा.ज.वा | | | |

# अनुसूची १४

**प्रश्नावलीको लागि छनौट गरिएका विद्यार्थीहरुको नामावली**

| क्र.स. | धर्मोदय उच्च माध्यमिक विद्यालय | कक्षा | क्र.स. | सीतादेवी माध्यामिक विद्यालय | कक्षा |
|---|---|---|---|---|---|
| १ | मनोज ताम्ली | ९ | २१ | बविता राई | ९ |
| २ | प्रदिप ताम्ली | ९ | २२ | मदन लिम्वु | ९ |
| ३ | प्रमिला पौडेल | ९ | २३ | प्रमिला पौडेल | ९ |
| ४ | पदमालता ताम्ली् | ९ | २४ | कृष्ण दास | ९ |
| ५ | हीरा बस्नेत | ९ | २५ | भविस राई | ९ |
| ६ | योगेन्द्र वस्नेत | ९ | २६ | नरेन्द्र लिम्वु | ९ |
| ७ | झुमा लुम्बा | ९ | २७ | प्रतिमा लिम्बु | ९ |
| ८ | मनोज नेपाली | ९ | २८ | पुनम राई | ९ |
| ९ | रामकुमारी तुम्बा | ९ | २९ | मनोज नेपाली | ९ |
| १० | झाबुनी सुव्वा | ९ | ३० | मुना के.सी.राई | ९ |
| ११ | सुरिन्द्र पौडेल | १० | ३१ | प्रताप गिरी | १० |
| १२ | धिरेन्द्र दर्नाल | १० | ३२ | सन्ध्या लिम्बु | १० |
| १३ | संन्देश पोखेल | १० | ३३ | सोनुजा घती | १० |
| १४ | प्रताप राई | १० | ३४ | सन्तोष श्रीपाली | १० |
| १५ | खगेन्द्र योगी | १० | ३५ | नम्रता माझी | १० |
| १६ | संगिता गजमेर | १० | ३६ | महेश लिम्बु | १० |
| १७ | प्रमिला पौडेल | १० | ३७ | राकेश तुम्बा | १० |
| १८ | अजय राई | १० | ३८ | मदन याख्खा | १० |
| १९ | विशेषा लामा | १० | ३९ | सीमा राई | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | सुभद्र रावल | १० | ४० | सीता तुम्बा | १० |

**लक्षित समूह छलफलका लागि छनौट गरिएका विद्यार्थीहरुको नामावली**

| क.स. | धर्मोदय उच्च माध्यमिक विद्यालय | कक्षा | क.स. | सीतादेवी माध्यामिक विद्यालय | कक्षा |
|---|---|---|---|---|---|
| १ | मनोज ताम्ली | ९ | ७ | मदन लिम्वु | ९ |
| २ | प्रदिप ताम्ली | ९ | ८ | प्रमिला पौडेल | ९ |
| ३ | प्रमिला पौडेल | ९ | ९ | कृष्ण दास | ९ |
| ४ | संन्देश पोखेल | १० | १० | सन्तोष श्रीपाली | १० |
| ५ | प्रताप राई | १० | ११ | नम्रता माझी | १० |
| ६ | खगेन्द्र योगी | १० | १२ | महेश लिम्बु | १० |

# अनुसूची १५

**स्रोत व्यक्तिको नामावली**

| क.सं. | | | **ठेगाना** |
|---|---|---|---|
| १ | धर्मोदय उच्च माध्यमिक विद्यालय | विन्दुकुमार लावती | पाँच्थर |
| २ | सीतादेवी माध्यामिक विद्यालय | महानन्द भट्टराई | मोरङ |

# अनुसूची १६

**विद्यालय व्यवस्थापन समिति अध्यक्षको नामावली**

| क.सं. | विद्यालय | अध्ययक्ष | |
|---|---|---|---|
| १ | धर्मोदय उच्च माध्यमिक विद्यालय | तेजनारायण ताम्ली | मरेक ९ |
| २ | सीतादेवी माध्यामिक विद्यालय | गोपाल राई | फाक्सिब ६ |

## अनुसूची १७

## अध्ययनका औचारहरु निर्माणका लागि खाका

| क. सं. | उद्देश्य | विद्यालय व्यवस्थापन समित अध्यक्षको लागि खुल्ला अन्तरवार्ता | विद्यार्थीका लागि खुल्ला प्रश्नावली | शिक्षकका लागि खुल्ला प्रश्नावली | विद्यार्थीको लागि लक्षित समूह छलफल | प्रधानाध्यापकका लागि खुल्ला अन्तर्वार्ता | स्रोत व्यक्तिका लागी खुल्ला प्रश्नावली |
|---|---|---|---|---|---|---|---|
| १ | नागरिक शिक्षा संग संबन्धित, मूल्यमन्यताहरू पहिचान गर्नु | नागरिक शिक्षासंग सम्बन्धित मूल्यमान्यताहरू,असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका, आचारसंहिताहरू, शिक्षकले पालना गनुपर्ने आचारसंहिता,विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता,शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, आचारसंहि | नागरिक शिक्षासंग सम्बन्धित मूल्य मान्यताहरू, असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका आचारसंहिताहरू, विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता, शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू | नागरिक शिक्षासंग सम्बन्धित मूल्य मान्यताहरू, असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका आचारसंहिताहरू, शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता, विद्यार्थीले पालना गर्नुपर्नेआचारसंहिता, शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, | नागरिक शिक्षासंग सम्बन्धित मूल्य मान्यताहरू, असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका आचारसंहिताहरू, शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता, विद्यार्थीले पालना गर्नुपर्नेआचारसंहिता, शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, | नागरिक शिक्षासंग सम्बन्धित मूल्य मान्यताहरू, असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका आचारसंहिताहरू, शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता, विद्यार्थीले पालना गर्नुपर्नेआचारसंहिता, शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, | नागरिक शिक्षासंग सम्बन्धित मूल्य मान्यताहरू, असल नागरिकका विशेषताहरू, विद्यालयमा भएका आचारसंहिताहरू, शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता, विद्यार्थीले पालना गर्नुपर्नेआचारसंहिता, शिक्षक र विद्यार्थी दुवैले पालना गर्नुपर्ने आचारसंहिता, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू | | आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू | आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू | आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू | आचारसंहिता निर्माण गर्दा ध्यान दिनपुपर्ने कुराहरू |
| २ | नागरिक शिक्षाको विषयवस्तुहरू पहिचान गर्नु, | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू,विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू, विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू, विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू, विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू, विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू | विद्यालयमा पढाइ भइरहेको पाठ्यांश र विषयवस्तुहरू,पाठ्यांशमा तोकिएको बाहेक विद्यालय वातावरणका विषयवस्तुहरू, विद्यालयले जोड दिनु पर्ने विषयवस्तुहरू, विषयवस्तुहरूलाई प्रभावकारी बनाउने उपायहरू |
| ३ | नागरिक शिक्षाका पहिचान गर्नु। | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, | विद्यालयमा भइरहेका क्रियाकलापहरू, कक्षाभित्रका क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलापहरू, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू | विद्यालयले गर्नुपर्ने क्रियाकला पहरू |